राष्ट्रिय साप्ताहिक

# जनजिब्रो

Janajibro National Weekly

सत्य समाचार, तथ्यमा आधारित विश्लेषण
सन्तुलित विचार, मर्यादित भाषाशैली
स्वस्थ मनोरञ्जन, शिष्टाचारयुक्त प्रस्तुति
खोजपूर्ण र ज्ञानवर्द्धक सामग्रीका लागि
newskoseli.com
सबैतिरबाट, सबैका लागि

वर्ष– २९, अङ्क– ९, असोज ५ गते शुक्रबार, २०८० (22 September, 2023) | www.janajibro.com | मूल्य रु. १०।-

# संविधानलाई हेर्ने तीन नजर

## प्रतिक्रियावादी, यथास्थितिवादी र अग्रगामी धारका आ–आफ्नै मूल्यांकन

■ जनजिब्रो संवाददाता

**काठमाडौं ।** भर्खरै (३ असोज, २०८० मा) नवौं संविधान दिवस मनाइयो । नेपालको इतिहासमै पहिलो पटक जनताका प्रतिनिधिद्वारा लेखिएर जनताकै प्रतिनिधिद्वारा जारी गरिएको संविधान हो- 'नेपालको संविधान, २०७२' । भलै, यो संविधान र यसले व्यवस्थापन गरेका संवैधानिक प्रावधानहरूप्रति बहुसंख्यक नेपालीको विमति छ ।

समग्रतामा नेपाली जनमतमा नेपालको संविधान, २०७२ लाई हेर्ने तीनथरी नजर छन्- यथास्थितिवादी, प्रतिगामी/प्रतिक्रियावादी र अग्रगामी/क्रान्तिकारी । यथास्थितिवादी दृष्टिकोणका व्यक्ति, समूह र दलहरू वर्तमान संविधानलाई 'उत्कृष्ट संविधान' पो पगरी गुथाउँदै यसैको भजनकीर्तमा तल्लीन छन् ।




प्रतिक्रियावादी दृष्टिकोण र चेतका मान्छेहरू यो संविधानले गरेका न्यूनतम जनपक्षीय र राष्ट्रहितकारी प्रावधानहरूका कारण यो संविधान ठीक नभएकाले खारेज भइसकेको पुरानै संविधान ब्यँताउनुपर्ने अथवा यही संविधानलाई संशोधन/पुनर्लेखन गरेर पुरानै संविधानको सारवस्तुमा फर्कनुपर्ने कुतर्क गरिरहेका छन् । सुषुप्तरूपमै सही, यस्ता तत्त्वहरू सामर्थ्यले भ्याएसम्म मुलुकलाई त्यतैतिर धकेल्ने कुचेष्टामा व्यस्त छन् ।

अग्रगामी व्यक्ति, पक्ष र दलहरू भने विगतका राजनीतिक व्यवस्था र संविधानहरूको तुलनामा वर्तमान संविधान केही हदसम्म अग्रगामी रहेको तर यसले पनि राष्ट्र र जनताका आधारभूत आकांक्षाहरूलाई सम्बोधन गर्न नसकिरहेकाले योभन्दा अघि बढेर राज्य प्रणालीको आमूल रूपान्तरण गर्नुपर्ने मत राखिरहेका छन् । र, परिस्थितिको सापेक्षतामा सोहीवमोजिमको प्रयास पनि गरिरहेका छन् ।

अन्तर्वस्तुका दृष्टिले विगतका संविधानहरूभन्दा वर्तमान संविधानलाई अग्रगामी

क्रमशः अन्तिम पृष्ठमा

# २६औं गणेशमान सिंह स्मृति दिवस

**काठमाडौं ।** विविध कार्यक्रममा साथ राणा शासन अन्त्यका गरी प्रजातन्त्र पुनर्स्थापनाका लागि विसं २०४६ मा सञ्चालित जनआन्दोलनको सर्वोच्च कमान्डर गणेशमान सिंहको २६औं स्मृति दिवस मनाइएको छ ।

विसं २०४६ को जनआन्दोलन सफल पार्न सिंहले गरेका त्याग र साहसलाई नेपाली राजनीतिकका उच्च उदाहरणका रूपमा लिने गरिएको छ । उतिबेला सिंह सबैका लागि निष्ठाको केन्द्र बन्न सफल भएका थिए । तत्कालीन जनआन्दोलन सफल भएपछि तत्कालीन राजा वीरेन्द्रले प्रधानमन्त्री बन्न गरेको आग्रहलाई सिंहले आफ्ना समकक्षी नेता कृष्णप्रसाद भट्टराईलाई अघि सार्दै नेपाली राजनीतिमा त्यागको उच्च नमूना प्रस्तुत गरेका थिए ।

विसं १९७२ कात्तिक २४ गते काठमाडौंको क्षेत्रपाटीस्थित चाक्सीबारीमा जन्मिएका नेता सिंहको निधन २०५४ साल असोज २ गते भएको थियो । काठमाडौंको खानदानी परिवारमा जन्मिभएका सिंहले १९९७ मा स्थापना भएको नेपालको पहिलो राजनीतिक पार्टी प्रजा परिषदको सदस्य भई राणा शासन विरुद्धको अभियानमा आफूलाई सक्रिय बनाएका थिए ।

राणा शासन अन्त्य गर्ने अभियानमा लागेका सिंहलगायतलाई तत्कालीन सरकारले जेल हालेको थियो । विसं २००७ अघि नै भद्रगोल जेल फोरेर भाग्न सफल भएका सिंह प्रवास जानुअघि नै तत्कालीन राणा हटाऊ आन्दोलनमा सक्रिय भएका थिए । जेलबाट भागेर भारतमा पुगी अर्का नेता बिपी कोइरालासँग राजनीतिक सम्बन्ध विकसित गरेका थिए । केही सहयोगीका साथ २००३ सालमा स्थापित नेपाली राष्ट्रिय कांग्रेसलाई आजीवन जुझारु नेतृत्त्व गर्नेमा समेत सिंहको उल्लेखनीय भूमिका छ ।

प्रजातन्त्र स्थापनाका लागि भएको २००७ सालको क्रान्तिका एक अगुवाका रूपमा संघर्षशील सिंहले देशमा प्रजातन्त्र बहाली र पुनर्बहालीका लागि समर्पित सिंह सैद्धान्तिक हिसाबले बिपीका अनुयायी र सबैभन्दा ठूला समर्थकका रूपमा रहेका थिए । विसं २०१५ मा भएको पहिलो निर्वाचनबाट सरकारका वरिष्ठ मन्त्री बनेका सिंहले विसं २०१७ सालमा प्रजातन्त्र अपहरण भएपछि आठ वर्ष निरन्तर सुरुमा सिंहदरबार र त्यसपछि सुन्दरीजल बन्दीगृहमा कारावास जीवन बिताएका थिए ।


विसं २०२५ मा बिपीसँगै सुन्दरीजल बन्दी गृहबाट रिहा भएपछि प्रवासमा राजनीतिक संगठन विस्तार गरेका थिए । विसं २०३३ मा बिपीसँगै राष्ट्रिय एकता तथा मेलमिलापको नीति लिएर स्वदेश फर्केपछि तत्कालीन पञ्चायती व्यवस्थाविरुद्ध सक्रिय बनेका थिए । तत्कालीन पञ्चायती सरकारले बिपीसँगै मृत्युदण्डको माग गरिएका आठवटा मुद्दामा विशेष अदालतबाट सफाइ पाएका उनले विसं २०३६ सालको विद्यार्थी आन्दोलन र जनमत संग्रहमा उत्तिकै नेतृत्त्वदायी भूमिका निर्वाह गरे ।

सोही क्रममा बिपीको निधनपछि कांग्रेसका सर्वोच्च नेताका रूपमा सिंहले २०४२ को सत्याग्रह आन्दोलनको नेतृत्त्व गरेका थिए । विसं १९९७ देखि अनवरत राजनीतिमा समर्पित कडा स्वभाव र जुझारु व्यक्तित्वका भएका नेता सिंहले योगदान विसं २०४६ को जनआन्दोलनमा महत्त्वपूर्ण योगदान पुऱ्याएका थिए ।

कम्युनिस्टहरूसँग मिलेर पञ्चायतविरुद्ध आन्दोलनको घोषणा गर्ने सिंह २०४६ को जनआन्दोलनको सर्वोच्च कमान्डर समेत थिए । उनको २६औं स्मृति दिवसका अवसरमा कांग्रेसका भ्रातृ संगठनहरूले विविध कार्यक्रम आयोजना गर्दै मनाए ।

# आमा– १५

**२८ मार्च, १८६८ मा जन्मेर १८ जुन, १९३६ मा निधन भएका विश्वचर्चित मार्क्सवादी लेखक–साहित्यकार म्याक्सिम गोर्कीको औपचारिक नाम भने एलेक्सी म्याक्सिमोभिच पेस्कोभ हो । रूसी साहित्यकार गोर्की लेखक, नाटककार, उपन्यासकार मात्र नभई समाजवादी यथार्थवादी साहित्यिक धाराका संस्थापक समेत हुन् । कारखानामा काम गर्ने मजदूरहरूको आन्दोलनमा आधारित रही गोर्कीले लेखेको विश्वचर्चित उपन्यास 'द मदर' सन् १९०६ मा सर्वप्रथम अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो । नेपालीमा समेत प्रकाशित 'आमा' उपन्यास संसारभर अनेकौं भाषामा प्रकाशित छ । यसैमा आधारित भएर धेरै चलचित्रहरू समेत बनिसकेका छन् । पाठकहरूका निम्ति रूचिकर एवम् ज्ञावर्द्धक हुने ठानी यस स्तम्भमार्फत 'आमा' उपन्यासलाई क्रमशः प्रकाशित गरेका छौं ।**



**धारावाहिक उपन्यास**
**म्याक्सिम गोर्की**

"पाजीहरू, के तिमीहरूलाई थाहा छ, ऊ राजनैतिक कैदी हो ? के तिमीहरूलाई थाहा छ ऊ जारको विरोध गर्दै छ, मान्छेहरूलाई भड्काउँदै हिँड्छ ? तिमीहरूचाहिँ उसको पक्ष लिँदैछौ, त्यसो भए तिमीहरूले पनि विद्रोहि गर्न सुरु गऱ्यौ होइन... ।"

आमा एकटकले हेर्दै निश्चल भएर उभिएकी थिइन् । मानौं उनको सारा शक्ति कसैले निचोरी दिएको छ, उनको दिमाग बिलकुल खालि थियो, मानौं उनले कुनै भयंकर सपना देखेकी थिइन् । उनी त्रास र वेदनामा डुबेकी थिइन् । मानिसहरूको उदास, वेदना र क्रोधले भरिएका आवाजहरू भिंगाको भवभनाहट जस्ता उनको कानमा गुञ्जिँदै थिए ।

क्रमशः दोस्रो पृष्ठमा

विजय प्राप्त गर्ने र सत्ता हातमा लिने कुरा तिनीहरूका लागि मात्र सम्भव छ, जो जनतालाई विश्वास गर्दछन् र उनीहरूकै सिर्जनात्मक क्षमतामा भर परेर फड्को मार्न तयार हुन्छन्। -लेनिन

**जनजिब्रो साप्ताहिक**
वर्ष- २९, अङ्क- ९, असोज ५ गते शुक्रबार, २०८०

## सम्पादकीय

# ‘पुराण’ होइन संविधान, बराबर लागू हुन्छ सवैलाई

यसअघिका सातवटा वर्षहरूमा झैं यस वर्ष पनि यो महिनाको सुरुआतमै संविधानको ‘भक्तिगान्’ गाइयो। यथार्थतः ज-जसले संविधानको सवैभन्दा बढी र बारम्बार उल्लंघन गर्ने गरेका छन्, उनै-तिनैले संविधानको महिमामण्डन र भजनकीर्तन गरे।

वस्तुतः यथास्थितिवादी तत्त्वहरू, जो, जतिबेला सत्तामा रहन्छन्, तिनले तत् समयको संविधानलाई ‘पुराण’ ठान्ने र भनाउने गरेका छन्; जसको परिवर्तन, संशोधन र परिमार्जनका सन्दर्भमा सोच्नुसम्म पनि ‘पाप’ को विषय हुनेछ। उनीहरू संविधानलाई अरुमाथि यसरी लाद्दछन् तर स्वयं आफैंले भने बारम्बार उल्लंघन र अवज्ञा गरिरहन्छन्। तर, विडम्बनाकै विषय छ कि संविधानको जानाजान र गम्भीर उल्लंघन गर्दा समेत शासकहरू दण्डित हुँदैनन्/हुने गरेका छैनन्; सजायको भागीदार बन्ने गरेका छैनन्। जबकि, सर्वसाधारण नागरिकले संविधान त परै छाडौं सामान्य कानुनहरू र ती मातहतका नियमावली, नियम र निर्देशनका एकाध दफा-बुँदा अन्जानवश नाघ्न पुग्दा समेत उनीहरू भने कठोर सजायको भागिदार बन्न पुग्दछन्।

शासक-प्रशासकले जे-जसो गर्दा पनि हुने अनि जनसाधारणले चल्न र चट्पटाउन समेत नसक्ने संवैधानिक-कानुनी जञ्जालकै कारण शासक सधैं ‘मालिक’ जस्तो र शासितचाहिँ जहिल्यै ‘दासदासी’ जस्तो देखिँदै आएको अवस्था छ। यसैकारण जनतामा जहिल्यै विद्रोहभाव प्रकट भइरहन्छ र शासकवर्गप्रति अलगाव र वितृष्णा मात्र होइन; घृणाभाव नै जागृत भइरहेको हुन्छ। र, अन्ततः निर्देशन, नियम र कानुन मात्र होइन, संविधान नै च्यातिन पुग्दछन्; जलाइन पुग्दछन् र अर्को संविधान बन्दछ।

अतः नवौं संविधान दिवसको यस घडीमा सम्बन्धित सवैले हेक्का राखून् कि संविधान कुनै रुढ ‘धर्मशास्त्र’ होइन; यो त राष्ट्र र जनताको आवश्यकताअनुकूल परिष्कार, परिमार्जन, संशोधन र परिवर्तित हुँदै जान्छ। उनीहरूले यो पनि हेक्का राखून् कि संविधान र कानुनहरू शासक-शासित, धनी-गरिब सवैका निम्ति बराबर लागू हुन्छ/हुनुपर्छ।

## ... आमा- १५

उनले थानेदारको कम्पित आवाज र मान्छेहरूको फुसफुसाहट सुनिन्...।

“यदि ऊ अपराधी हो भने उसमाथि मुद्दा चलाइनुपर्छ...।”

“हजुर, दया गर्नोस् ऊमाथि...।”

“यसरी मान्छेहरूलाई मनपरी तरीकाले सताउन पाइन्छ ... ?”

“यस्तो गर्न पाइन्न। नत्र जसलाई मनलाग्यो उसले जथाभावी पिट्दै हिंड्नेछ। यो पनि तरीका हो र ...?”

मान्छेहरू दुई भागमा बाँडिए- एकथरी थानेदारलाई घेरेर चिच्च्याउँदै थिए, उसँग अनुरोध गर्दै थिए, अर्को थरि, जसको संख्या कम थियो, कैदीलाई घेरेर उभिएका थिए र चुनौतीपूर्ण स्वरमा बडबडाउँदै थिए। यस समूहका केही मान्छेहरूले सहारा दिएर रीबिनलाई उभ्याइए र जब सिपाहीहरूले फेरि उसको हात बाँध्ने कोशिश गरे तब उनीहरूले चिच्च्याउँदै भने :

“पर्खी ज्यानमाराहरू, किन यति हतारो गर्छौ।”

मिखाइलले आफ्नो मुखबाट धुलो र रगत पुछ्यो र चुपचाप चारैतिर हेर्न थाल्यो। आमामाथि उसको आँखा पऱ्यो। आमा झस्किन् र उसतिर झुक्दै चालै नपाई आफ्नो हात हल्लाइन्। रीबिनले आफ्नो मुख फर्कायो। केही बेरपछि उसको आँखाले फेरि आमालाई भेट्टायो। आमालाई लाग्यो, ऊ टाउको उठाएर तन्कियो र रगतले पोतिएको उसको गाला काँप्न थाल्यो.....।

‘उसले मलाई चिने- के साँच्ची चिनेछ त...?’

आमाले उसतिर हेरेर टाउको हल्लाइन्। अकथनीय हर्षोल्लासले उनको सम्पूर्ण शरीर काँप्दै थियो। तर एकैछिनमा आमाले देखिन्, नीला आँखा भएको त्यो किसान रीबिनको छेउमा उभिएर उनलाई हेर्दै छ। उसको दृष्टिले एकछिन त आमालाई भयभीत तुल्यायो...।

‘के गरेकी मैले यस्तो ? अब मलाई पनि समात्नेछन्।’

त्यस किसानले रीबिनलाई के हो भन्यो र रीबिनले जवाफमा टाउको हल्लायो।

“केही छैन।”- रीबिनले कम्पित आवाजमा भन्यो, कम्पनको बावजूद उसको स्वर स्पष्ट र साहसिलो थियो - “म यस संसारमा एक्लो छैन- उनीहरू दुनियाँभरिका मान्छेहरूलाई त गिरफ्तार गर्न सक्दैनन्। म जहाँ जहाँ बसेको थिएँ, त्यहीं त्यहीं मेरो सम्झना बाँकी रहनेछ। उनीहरूले हाम्रो गुँड भत्काइदिए, सब साथी भाइहरूलाई समातेर लगे, तैपनि...।”

‘यी सब कुरा ऊ मेरो लागि गर्दैछ।’- आमाले अन्दाज लगाइन्।

“तर अवश्य त्यो दिन आउनेछ जब चीलहरू स्वतन्त्रतापूर्वक उड्न सक्नेछन्, जनताले सब बन्धनहरू तोड्नेछन्।”

एउटी आइमाईले एक बाल्टिन पानी लिएर आइन् र रीबिनको मुख धुन थालिन्, उनी बीचबीचमा सुस्केरा हाल्थिन् र बडबडाउँथिन्। उनको यो मधुर करुण क्रन्दन मिखाइलका शब्दहरूसँग कसरी मिसिए भने आमाले उनीहरूबीचको भेद छुट्ट्याउन सकिनन्। थानेदारको पछाडिपछाडि किसानहरूको एक समूह त्यतातिर आयो।

“कैदीलाई लिएर जान गाडा ल्याऊ। अब कसको पालो हो ?”- कसैले चिच्च्याउँदै भन्यो।

त्यसपछि थानेदारको स्वर सुनियो। अब उसको स्वर एकदम बदलिएको थियो। उसले रुष्ट स्वरमा भन्यो -

“म तँलाई हिर्काउन सक्छु, तर मलाई सक्दैनस्। फेरि हिम्मत नगरेस्, गधा कहींका।”

“ए त्यसो पो रहेछ। तँ के ठान्छस् आफूलाई - भगवान्को अवतार ?”- रीबिनले चिच्च्याउँदै भन्यो।

अस्पष्ट आवाजहरूको प्रवाहमा उसको आवाज डुब्यो।

“काका, उसँग बहस नगर्नोस्, ऊ जे भए पनि हाकिम हो....।”

“हजूर, उसँग नरिसाउनुहोला। अहिले उसको होसहवास ठीक छैन...।”

“चुप लागे भैहाल्यो नि, कस्तो उल्लू रहेछ।”

“अहिले तँलाई शहर लानेछन्...।”

“शहरमा कानूनको बढी विचार गरिन्छ।”

मानिसहरूको आवाजमा विनय र अनुरोध थियो। यी सब आवाजहरू मिलेर एक अस्पष्ट गुञ्जनको रूप लिंदै थियो जसमा आशाको कुनै झलकसम्म थिएन। पुलिसहरूले रीबिनको हात समाएर उसलाई अड्डातिर लगे र माथि पुगेपछि कोठाभित्र पसाले। किसानहरू बिस्तारै यताउता लाग्न थाले, तर आमाले देखिन् नीला आँखा भएको त्यो किसान उनीतिर आउँदै थियो। आमा टाउको झुकाएर उसतिर हेर्दै थिइन्। आमाको खुट्टा काँप्न थाले र निराशाले उनको हृदयको समस्त शक्ति चुस्न थाल्यो, आमाका आँखा अगाडि अन्धकार फैलियो। उनलाई वान्ता होला जस्तो भयो।

‘मैले यहाँबाट हट्नु हुन्न।’- उनले सोचिन् - ‘कदापि हट्नु हुन्न।’

उनी बार समातेर प्रतीक्षा गर्न थालिन्।

थानेदार बरन्डामा उभिएर हात हल्लाउँदै गाली गर्दै थियो, अब फेरि उसको आवाज पहिलेको जस्तै नीरस र निर्जीव लाग्थ्यो।

“तिमीहरू एकदम बेवकुफ छौ, सुँगुरका बच्चाहरू। केही थाहा नपाइकन जहाँ पायो त्यहीं हात हाल्छौ। गधाहरू, थाहा छ यो सरकारी मुद्दा हो। तिमीहरूले मेरो दयामायाको लागि मलाई धन्यवाद दिनुपर्छ मेरो अगाडि घुँडा टेक्नुपर्छ, नत्र म सबलाई गिरफ्तार गर्न लाउँछु, सबलाई कालापानी पठाइदिन्छु....।”

पन्ध्र बीस जना किसानहरू टोपी फुकालेर उभिएका थिए र उसको कुरा सुन्दै थिए। बादल झनझन तल सर्दै गयो र अन्धकार बढ्दै गयो। नीला आँखा भएको किसान बरन्डामा आयो, जहाँ आमा उभिएकी थिइन्।

“देख्यौ के हुँदै छ...।”

“हो।”- आमाले सानो स्वरमा जवाफ दिइन्।

उसले आमाको आँखामा हेर्दै सोध्यो :

“के काम गर्नुहुन्छ ?”

“किसान आइमाईहरूसँग लेस किन्ने काम गर्छु र घरेलु कपडा पनि किन्ने गर्छु...।”

किसानले बिस्तारै आफ्नो दाढी सुमसुम्याउन थाल्यो। एकछिनपछि अड्डातिर हेर्दै बिस्तारै रुखो स्वरमा भन्यो -

“यी सब कुरा यहाँ बन्दैन..।”

आमाले पुलुक्क उसतिर हेरिन् र भित्र पस्ने मौका खोज्न थालिन्। किसानको अनुहार निकै सुन्दर र गम्भीर थियो। तर आँखामा उदासी थियो। ऊ निकै अग्लो थियो र उसको काँध फराकिलो थियो। उसले जताततै टालिएको कोट लगाएको थियो, उसको सुतीको कमीज सफा देखिन्थ्यो, उसको पाइन्ट गाढा खैरो रङको थियो। उसका खुट्टामा फाटेका जुत्ता थिए, उसले मोजा लाएको थिएन......।

किन हो आमाले सन्तोषको सास फेरिन्।

“के आज राती म तिमीकहाँ बास बस्न सक्छु ?”- आमाले एक्कासि सोधिन्। यो प्रश्न उनको अन्तस्करणबाट आएको थियो, जुन अहिले उनका भौतारिंदा विचारहरू भन्दा पनि छिटो काम गर्दै थियो।

यो प्रश्न सोध्नासाथ उनलाई यस्तो लाग्यो, मानौं उनको सम्पूर्ण शरीर, नसानसा बक्रिए र उनी तन्किएर उभिइन् र निडर भएर त्यस व्यक्तिलाई हेर्न थालिन्। उनको दिमागमा काँढा जस्तो यी विचारहरू घुम्न थाले :

‘मैले गर्दा निकोलाइ इभानोभिच बरवाद हुनेछन्। पाभेलसँग पनि भेट्न पाउन्न । कति राख्लान्। खुब पिट्लान्।’

किसानले जमिनमा हेर्दै आफ्नो कोट छातीमा कस्यो र बिस्तारै जवाफ दियो -

“राती बास बस्न चाहनुहुन्छ ? किन नहुनु र ? खालि मेरो छाप्रो धेरै थोत्रो छ.....।”

“म आफैं थोरै दरबारमा बस्छु र।”

“त्यसो भए ठीक छ।”- किसान सहमत भयो र आमालाई माथिदेखि तलसम्म हेऱ्यो।

धेरै अबेला भैसकेको थियो र गोधूलीको झिसमिसे उज्यालोमा उसका आँखामा उदास चमक स्पष्ट देखिन्थ्यो, उसको अनुहार निकै मलिन थियो।

“लौ त, त्यसो भए अहिल्यै हिंडे हुन्छ तिमीचाहिं मेरो सुटकेश समात, हुन्न..?”- आमाले बिस्तारै भनिन्। आमालाई यस्तो लाग्दै थियो, मानौं उनी कुनै भिरालोबाट बडो बेगले तलतिर चिप्लंदै छिन्।

“हुन्छ, समात्छु।”- उसले फेरि आफ्नो कोट ठीक पार्दै भन्यो - “ऊ गाडा पनि ल्याइपुऱ्याएछन्।”

रीबिन फेरि बरन्डामा देखापऱ्यो। उसको टाउको र अनुहार खैरो कपडाले बेरिएको थियो, हात फेरि बाँधिएको थियो।

“लौ त साथीहरू बिदा।”- सन्ध्याकालीन सिरेटो चिर्दै आएको उसको स्वर सुनियो - “सच्चाइको खोजी गर्नुहोला, सच्चाइको रक्षा गर्नुहोला। इमान्दार मान्छेहरूलाई विश्वास गर्नुहोला, सच्चाइको संघर्षमा आफ्नो ज्यानसम्म पनि बलिदान गर्न नहिचकिचाउनुहोला...।”

“चुप लाग, गधा।”- नजीकै थानेदारको आवाज सुनियो - “ए सिपाही, छिटो हाँक गाडा, गधा कहींका।”

“तपाईंहरू के कुरा गुमाउनु हुन्छ र ? यो पनि कुनै जिन्दगी हो र ?”

गाडा हिंड्यो। दुईजना सिपाहीहरूको बीचमा बसेको रीबिन धोत्रे स्वरमा चिच्च्याउँदै थियो :

“केको लागि तपाईंहरू भोकभोकै मर्न चाहनुहुन्छ ? स्वाधीनता पाउनुभयो भने रोटी र न्याय पनि पाउनुहुनेछ। लौ त साथीहरू बिदा...।”

उसका आवाज पाङ्ग्राहरूको खडखड, घोडाका टापहरूको आवाज र थानेदारको चिच्च्याहटमा गायब भयो।

“लौ त खेल खतम भयो।”- किसानले टाउको हल्लाउँदै भन्यो र फेरि आमातिर फर्कंदै भन्यो - “तपाईं यहीं मलाई पर्खनुहोला, म एक मिनेटमा आउँछु.....।”

आमा कोठाभित्र पसिन् र सामोभार राखिएको टेबुलनेर बसिन्। उनले एक टुक्रा पाउरोटी टिपिन्, ओल्टाइपल्टाइ हेरिन् र फेरि रिकापीमा राखिदिइन्। उनलाई बिलकुलै खाने इच्छा थिएन- फेरि वान्ता होला जस्तो लागिरहेको थियो। किन हो उनलाई गर्मी लाग्दै थियो र वेचैनी अनुभव गर्दै थिइन्। उनलाई कमजोरी लाग्दै थियो, यस्तो लाग्थ्यो, मानौं हृदयबाट कसैले सब रगत निचोरिदिएको छ र आँखा अगाडि फेरि अन्धकार फैलिंदै छ। नीला आँखा भएको त्यस किसानको अनुहार बराबर उनका आँखा अगाडि नाँच्दै थियो- त्यो अनुहार बडो अनौठो थियो र त्यसमा केही कुरा नपुगेजस्तो लाग्थ्यो र किन हो अविश्वासको भावना पैदा गर्थ्यो। उसले विश्वासघात गर्न सक्छ भन्ने कुरा उनी सोच्न चाहँदैनथिन्, तर यो विचार उनको दिमागमा गडिसकेको थियो र हृदयमा एक बोझको रूपमा झुन्डिरहेको थियो।

‘उसले मलाई ध्यानले हेर्दै थियो।’- कमजोर र निशक्त हुँदै गएकी आमा सोच्दै थिइन् - ‘उसले अवश्य पनि अन्दाज लगायो...।’

यो विचार अगाडि बढ्न सकेन, मानौं त्यो विचार निराशा र वाकवाकीको दलदलमा डुब्दै छ।

एकैछिन अघि मात्र त्यस मैदानमा फैलिएको कोलाहलपछि अहिले त्यहाँ पूर्ण निस्तब्धता थियो। गाउँलेहरू तर्सेका छन् भन्ने कुरा स्पष्ट थियो। यस वातावरणले आमाका हृदयमा एक्लोपनाको त्यो भावना अझ तीव्र बनायो र उनको आत्मामा खरानी जस्तो कोमल र झिसमिसे अन्धकार फैलियो।

केटी फेरि ढोकामा देखा परिन्। “अमलेट बनाउने हो कि ?”

“पर्दैन, नानी। खाने इच्छा छैन, मान्छेहरूको हल्लाखल्लाले मेरो मुटु नै थर्काइदियो।”

केटी टेबुलनेर आइन्।

“ओहो कस्तो पिटेको त्यो थानेदारले उसलाई।”- केटीले उत्तेजित स्वरमा बिस्तारै भनिन् - “म नजीकै उभिएकी थिएँ। बिचरोका सब दाँत भाँचिदिए। उसले थुक्दा कस्तो गाढा, गहिरो रङको रगत निस्कँदै थियो...।” आँखा पनि सुनिएर बन्दै होला जस्ता थिए। ऊ तारकोल कारखानामा काम गर्थ्यो। पुलिस सर्जेन्ट माथि रक्सीले चूर भएर लडेको छ। अझ पनि रक्सी माग्दै छ। ऊ भन्थ्यो, उनीहरूको एउटा पूरै मण्डली रहेछ र यो दाढीवाला उनीहरूको नाइके रहेछ। तीनजना समातिएका रहेछन्, तर एकजना भागेछ। एकजना मास्टर पनि समातिएछ। ऊ पनि यिनीहरूकै मण्डलीमा थियो। उनीहरू ईश्वरमाथि विश्वास गर्दैनन् रे, अरूहरूलाई पनि ईश्वरमाथि विश्वास नगर्नु भन्छन् रे, भन्थे, उनीहरू गिर्जाघर लुट्न चाहन्छन्- भन्थे यस्तो काम गरेर हिंड्छन्। केही किसानहरू त दया गर्दै थिए, तर केहीचाहिं भन्दै थिए, यस्ता मान्छेहरूलाई फाँसीमा झुन्ड्याउनुपर्छ। हाम्रो गाउँमा यस्ता चण्डाल किसानहरू पनि छन्।”

आमा केटीको यो शीर न पुच्छरको कुरा बडो ध्यानपूर्वक सुन्दै थिइन्। केटी एकदम छिटोछिटो बोल्दै थिइन्। आमा आफ्नो त्रास र शंका दबाउने कोशिश गर्दै थिइन्। आफ्नो कुरा सुनिदिने मान्छे पाउँदा केटी दङ परेकी थिई र अझ बढी उत्साहले बोल्दै थिई :

“मेरो बुबा भन्नुहुन्छ, यो सब अनिकालको फल हो। दुई वर्षपछि जमिन सुक्खा छ, किसानहरू हैरान भैसके। त्यसैले उनीहरू यी सब गडबड गर्दैछन्। गाउँका सभाहरूमा उनीहरू हल्लीखल्ली मचाउँछन् र झगडा गर्छन्। हालसालैको कुरा हो, मालपोत नतिरे वापत भास्युकोभको सामान लिलाम गर्दै थिए, उसले गाउँको मुखियालाई यति जोडले मुखमा हिर्काइदियो... भन्थ्यो - “लौ खा, यही हो मेरो मालपोत ...।”

ढोका बाहिर कसैको गह्रौं पदचाप सुनियो। आमा टेबुलमा अडेस लाएर झट्ट उभिइन्...।

नीलो आँखा भएको किसान टोपी फुकाल्दै भित्र पस्यो।

“कहाँ छ तपाईंको सुटकेस ?”- उसले सोध्यो।

उसले सजिलैसँग सुटकेश उठायो र सुटकेश हल्लाउँदै भन्यो :

“खालि रहेछ। मारिया, पाहुनालाई मेरो घर पुऱ्याइदे त।” ऊ पछाडि नफर्किकनै कोठाबाट बाहिर निस्क्यो।

“राती यहीं बास बस्नुहुन्छ ?”- केटीले सोधिन्।

“हो, म लेस किन्न आएकी म लेस किन्ने काम गर्छु...।”

“यहाँ त लेस बुन्दैनन्, तीन्कोभो र दार्यीनोमा बुन्छन्। यहाँ त बुन्दैनन्।”- केटीले भनिन्।

“त्यसो भए भोलि त्यता लाग्छु....।”

आमाले चियाको पैसा तिरिसकेपछि त्यस केटीलाई तीन कोपेक बकस दिइन्, केटी दङ परिन्। दुवैजना बाहिर निस्के, केटी चिसो जमिनमा नाङ्गा खुट्टाले टेक्दै छिटोछिटो आइन् र आमालाई भनिन् :

“तपाईं चाहनुहुन्छ भने म दार्यीनो पुगेर आउन सक्छु, त्यहाँका आइमाईहरूलाई आफ्नो लेस लिएर यहाँ आउन भनिदिन्छु। त्यसो भए तपाईंलाई त्यहाँ गैरहनु पर्दैन, टाढा छ, सात आठ माइल जानुपर्छ .....।”

“पर्दैन नानी, दुःख नगर।”- आमाले केटी सँगसँगै हिंड्दै भनिन्। चिसो बतासले आमाको मन अलिकति हलुको पाऱ्यो र हृदयमा एक अस्पष्ट दृढ संकल्प पैदा हुन थाल्यो। यो संकल्प बिस्तारै एक अनिश्चित गतिले बढ्दै थियो। त्यस संकल्पमा आशा थियो र यो आशा बढाउन उनले मनमनै सोधिन् -

‘के गर्ने हो ? सब कुरा सीधै भनिदिने हो कि ?

रात चिसो र ओसिलो थियो। चारैतिर निष्पट अन्धकार फैलिएको थियो। छाप्राहरूबाट राताराता बत्तीहरू

क्रमशः थौथो पृष्ठमा

# ‘संविधानका सकारात्मक पक्षको रक्षा गर्दै अपूर्णता पूरा गर्नुपर्छ’

**जनजिब्रो वार्तालाप**

**डा. बाबुराम भट्टराई, पूर्वप्रधानमन्त्री**



**संविधान निर्माण प्रक्रियामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको तथा मुलुकको राजनीतिक–सामाजिक परिवर्तनको आन्दोलनमा होमिनुभएका बौद्धिक नेताका हैसियतले यहाँले नेपालको संविधान र यसको कार्यान्वयनको पाटालाई कसरी हेर्नुभएको छ ?**

संविधानसभाबाट संविधान बनाउने कुरा धेरै ऐतिहासिक महत्त्वको विषय हो। जनताको सहभागिता र इच्छाले नै राज्य सञ्चालन हुनुपर्छ भन्ने मान्यता हो। जनता नै सार्वभौमसत्ता सम्पन्न बन्ने कुरा लोकतन्त्रको आधारभूत पक्ष हो। त्यसको व्यावहारिक कार्यान्वयन भनेको जनताले आफ्नो संविधान आफैं बनाउने हो। त्यसलाई नै इतिहासमा संविधानसभा भन्ने गरिएको हो। नेपालमा भने दुर्भाग्यवश २००७ सालदेखि यो प्रश्न उठे पनि पटकपटक छाडिँदै गयो र अन्ततः करिबकरिब विलयजस्तै भयो। त्यतिबेलाका नेताहरू बिपी कोइराला, पुष्पलाललगायतले पनि यसलाई कार्यान्वयन गर्न सक्नुभएन। मुख्यरूपमा २०४६ सालको आन्दोलनपछि त्यतिबेलाका नेपाली कांग्रेस, नेकपा (माले) र वाममोर्चा मुख्य शक्तिका रूपमा उदय भए । उनीहरूले पनि सो मुद्दालाई छाडिदिनुभयो। संयुक्त राष्ट्रिय जनआन्दोलन भन्ने वामपन्थीको पक्ष थियो। त्यतिबेला म त्यसको प्रवक्ता थिएँ। म पश्चिमा फ्रान्सेली क्रान्तिलगायतबाट पनि प्रभावित भएको र संविधानसभाबाट संविधान नबनेसम्म लोकतन्त्र पूरा हुँदैन भन्ने मान्यता आत्मसात् गरेकाले त्यस विषयलाई २०४६ सालदेखि नै पटकपटक उठाएका थियौं। त्यसैलाई नैबअ माओवादी जनयुद्धका रूपमा मुख्य माग बनायौं। जनयुद्धको प्रतिफलस्वरूप नेपालमा संविधानसभाबाट संविधान बन्ने काम सम्पन्न भयो।

नेपालमा कोही मान्छे सातवटा संविधान बने भन्छन् तर खास गरी एउटै संविधान बनेको हो। त्यसभन्दा अगाडि राजा, महाराजाहरूले आफ्नो सुविधानुसार दबाब परेका बेला खुकुलो खालको र आफ्नो एकलौटी भएका बेला निरङ्कुश खालको संविधान जारी गरेका हुन्। उनीहरूले “हामीमा निहित सार्वभौमसत्ता र राजकीयसत्ताको प्रयोग गरी यो संविधान जारी गरेका छौँ” भने तर संविधानसभाबाट निर्मित संविधानमा हामीले “सार्वभौमसत्तासम्पन्न संविधानसभाबाट यो संविधान जारी गरेका छौँ” भनेका छौँ। नेपाली इतिहासका लागि यो अत्यन्त महत्वपूर्ण ऐतिहासिक घटना हो। त्यसैले पहिलो कुरा विधिको हिसाबले संविधानसभाबाट संविधान बन्ने विषयलाई कसैले पनि ‘किन्तु परन्तु’ गर्नै हुँदैन। जसले यसको महत्त्व नबुझेर संविधान भएन, फ्याकिदिऔं भन्न खोज्छन् तर संविधान संविधानसभाले नै बनाउनुपर्छ, अर्को कसैले आएर संविधान बनाउन सक्दैन। संविधान दिवसका सन्दर्भमा यो पाटो र यसको ऐतिहासिक महत्त्व सबैले बुझ्न जरुरी छ। संविधानसभाबाट नेपालमा पहिलो संविधान बनेको हुनाले प्रक्रियागत हिसाबले यो ऐतिहासिक घटना थियो। हामी सबै मिलेर संविधानको रक्षा गर्नुपर्छ। कुनै पनि बहानामा यसलाई कमजोर पार्नु हुँदैन।

**संविधान घोषणा भएलगत्तै ‘गिलास आधा भरि, आधा खालि’ भन्नुभएको थियो। संविधानमा समेट्न नसकिएका विषयवस्तु के हुन् ?**

जहाँसम्म संविधानको विषयवस्तुको कुरा छ, यो त समयानुकूल, समाजको चेतना, आर्थिक-सामाजिक विकासको स्तर र राजनीतिक शक्तिबीचको शक्ति सन्तुलनका आधारमा ‘कन्टेन्ट’ बन्ने हुन्छ। हाम्रा सन्दर्भमा राष्ट्रिय औद्योगिक पूँजीको विकास नभइसकेको, कृषिप्रधान अर्थतन्त्रको बाहुल्य रहेको, सामन्तवादी सोच एवं संस्कार हाबी रहेको तथा हाम्रा संस्थाहरू लामो लोकतान्त्रिक अभ्यासबाट नगुज्रेको, नेता र जनताको चेतना पनि नउठेका कारण संविधानको केही अपूर्णता त छन् तर पनि समकालीन विश्वमा ‘कन्टेन्ट’ का हिसाबले नेपालको संविधानमा उल्लेख भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेशिता धेरै महत्वपूर्ण छन्। म आफैं यो संविधासभाका निम्ति निरन्तर लडेको र संवैधानिक समितिको सभापतिका रूपमा भूमिका निर्वाह गरे पनि यसका केही अपूर्णता छन्, जुन मैले संविधान जारी भएको दिनदेखि नै भनेको छु। यो संविधान आधा भरी, आधा खाली छ, मैले किन भनेको हो भने, भरी त भरिएकै हो। संविधानसभाबाट संविधान जारी गर्नु नै भरिनु हो।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संविधानको सारवस्तु हुन पनि भरिएको नै हो। तर अपूर्ण चाहिँ कहाँनेर हो भने शासकीय स्वरूप मिश्रित प्रकृतिको बनायौँ, त्यसले देशमा राजनीतिक स्थिरता दिन सकेन, त्यसैले प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली र पूर्ण समानुपातिक संसद्को व्यवस्था हुनुपर्थ्यो। यो ठूलो त्रुटि भयो भन्ने मेरो त्यो बेलादेखिको बुझाइ हो र दुई पटकको निर्वाचनपछि पनि त्यो कमजोरी देखिइरहेको छ। नेपाल जस्तो जातीय, क्षेत्रीय विविधतायुक्त मुलुकमा सङ्घीयता अनिवार्य थियो, तर हामीले ठीक ढङ्गले संविधानसभाले तय गरेको ‘पहिचानका पाँच र सामर्थ्यका चार आधार’ अनुसार संविधान बनाउन नसक्दा ‘खिचडी’ खालको बनेको छ, त्यसले गर्दा सङ्घीयता सोचेजस्तो आवश्यकतानुरूप हुन सकेन। न्यायालयलगायत राज्यको निकायको पुनःसंरचना गरिनुपर्छ भन्ने हाम्रो मान्यता थियो। संवैधानिक आयोग, न्यायालय लगायतलाई पनि अझै बढी लोकतान्त्रिकीकरण गरेर लैजान सक्नुपर्थ्यो। त्यसमा पनि हामी अलिकति चुकेका छौँ। संविधान दिवसका अवसरमा मूल्याङ्कन गर्दाखेरि इतिहासको यस सापेक्षतामा यसको सकारात्मक पक्षको रक्षा र अपूर्णता पूरा गर्ने ढङ्गले जानु नै उपयुक्त हुन्छ।

**संविधानको मर्म र भावनानुसार आवश्यक ऐन कानुन बन्न नसक्दा राज्य सञ्चालन प्रक्रिया प्रभावित हुन पुगेको छ। व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था परिवर्तन हुन नसकेको भन्ने गुनासो आउन थालेको छ। यसलाई कसरी हेर्नु भएको छ ?**

संविधानमा त्रुटि रहेको एउटा पाटो मैले भनिहालेँ। संविधान नै संशोधन गर्नुपर्छ। संविधानमा लेखिएका विषयलाई ठीक समयमा ठीक ढङ्गले कानुन बनाएर कार्यान्वयन नगर्नु अर्को पाटो बनेको छ। मौलिक अधिकारसम्बन्धी थुप्रै राम्रा विषय संविधानमा लेखिएको छ। तर ‘कानुनमा व्यवस्था भएअनुसार गरिनेछ’ भनेर राखिदिएपछि कानुन नै फितलो बन्यो भने कार्यान्वयन हुँदैन। कतिपय कानुन नबनेर पनि राम्रोसँग कार्यान्वयन हुन सकेको छैन। सङ्घीयता कार्यान्वयनका सन्दर्भमा अहिलेसम्म पनि निजामती सेवासम्बन्धी ऐन नबन्नु र वित्तीय सङ्घीयताका कतिपय विषय ठीक ढङ्गले कार्यान्वयन नहुनुले समस्या भएकै हो।

यो व्यवस्था नै खराब छ भन्नेतिर कोही जान खोजेका छन्, तर यो सत्य होइन। यसमा राजनीतिक नेतृत्वले क्रान्तिकारी उभारका बेला दूरदृष्टि देखाउन सकेको थियो, क्रान्तिपछि शिथिलता आउँछ, यो विज्ञानको नियम हो। क्रान्तिकारी नेतृत्व शिथिल हुनु आदि कारणले पनि त्यस्तो भयो। अर्को सम्झौताबाट संविधान बनायौँ, पुरानै सत्तामा रहेको शक्ति र पछि उदय भएर आएको शक्तिका बीचमा सम्झौता हुँदा मध्यमार्गी बाटो लिइएको हो। यसले गर्दा पनि ठीक ढङ्गले कार्यान्वयन हुन नसकेको हो। त्यसकारण असन्तुष्टि आउनुलाई अन्यथा लिन हुँदैन।

**तीन तहका सरकारबीचको कामकारबाहीमा एकरूपता, सम्बन्धमा हार्दिकता र एकापसमा तालमेल हुन नसकेको देखिन्छ। यसलाई कसरी सम्बोधन गर्न सकिन्छ ?**

पहिलो त सङ्घीयतासम्बन्धी बुझाइमा अझै प्रस्टता छैन। हिजो पनि दलहरूबीच नेपाल जस्तो सानो देशमा किन सङ्घीयता चाहियो भन्ने बुझाइ थियो। सानो र ठूलाका आधारमा सङ्घीयता हुने हैन, देशको जातीय, भाषिक र क्षेत्रीय बनोटका आधारमा विविधतायुक्त छ भने विविधतालाई सम्बोधन गर्न सङ्घीयतामा जाने हो। यो विषय हामीले धेरैलाई बुझाउन सकेका छैनौँ। पछिल्लो पुस्ता झन् गहिराइमा बुझ्न नसकेर सङ्घीयता नै आवश्यक छैन भन्नेतिर जान खोजेको छ, त्यो सत्य होइन। स्विट्जरल्यान्ड, बेल्जियमजस्ता हामीभन्दा साना मुलुकमा सङ्घीयता हुनु तर चीनजस्तो ठूलो देशमा सङ्घीयता नहुनु भनेको, जातीय, क्षेत्रीय, भाषिक एकरूपता छ भने सङ्घीयता चाहिँदैन, विकेन्द्रीकरण गरे हुन्छ। भाषिक र जातीय विविधता भएका मुलुकमा भने सङ्घीयता चाहिन्छ। पहिले विषय बुझ्नु जरुरी छ। विषयको अस्पष्टताले गर्दा नेतृत्वमा आउने व्यक्तिमा सङ्घीयता कार्यान्वयनमा अनिच्छा देखिएको छ। बेलेमै कानुन नबन्नुलगायत कारणले कार्यान्वयनमा अस्पष्टता आएको हो। यसलाई हामीले छिटो हल गर्नुपर्छ।

**संविधान जारी भएयता राजनीतिक स्थायित्व देखिादैन, जनताको जीवनस्तर पनि त्यति सुधार भएको जस्तो देखिादैन, आर्थिक गतिविधि सुस्त छ, यसमा संविधान वा शासनसत्ता सञ्चालन गर्ने व्यक्तित्व कसको दोष मान्नु हुन्छ ?**

यसलाई ‘सेतो र कालो’का रूपमा हेर्नु हुँदैन। समस्या अन्तरसम्बन्धित हुन्छन्। संविधानका केही त्रुटिलाई संशोधन गरेर सच्याउनुपर्छ। शासकीय स्वरूपलाई प्रत्यक्ष निर्वाचित कार्यकारी प्रणालीमा लैजाने, सङ्घीयतालाई पहिचान र सामर्थ्यका आधारमा पुनः परिभाषित गर्ने तथा राज्यका कतिपय अङ्गलाई व्यवस्थित गर्ने गरी संविधानमै सुधार गर्नुपर्छ। सङ्घीयतालाई राम्रोसँग आत्मसात् गर्ने राजनीतिक नेतृत्व नहुँदा पनि समस्या पैदा भएको छ। हामीले सम्झौताबाट संविधान बनायौँ, अगुवा शक्तिको नेतृत्व हुँदा ठीक ढङ्गले कार्यान्वयन हुन्छ र संस्थाहरू बन्छन्। जो यो संविधानमा जबर्जस्ती तानिएर आएका छन्, जसको संविधानको मूलभूत विषयवस्तुप्रति प्रतिबद्धता छैन, उनीहरू नेतृत्वमा हुँदा स्वतः नै ठीक ढङ्गले कार्यान्वयन हुँदैन। राजनीतिक परिवर्तन र मूल ढोका खोल्ने मात्रै हो तर आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तन भनेको चाहिँ अलि जटिल र दीर्घकालीन प्रकृतिको हुन्छ।

क्रमशः पाँचौं पृष्ठमा



# ... आमा– १५

चम्किँदै थिए । त्यस निस्तब्ध वातावरणमा यदाकदा भेडाबाख्राहरू डुक्रेको र गोठालाहरू कराएको आवाज सुनिन्थ्यो । पूरा गाउँ अन्धकार र गहन चिन्तामा डुबेको थियो......।

"यही हो घर ।"- केटीले भनिन् । "बास बस्न तपाईंले ठीक ठाउँ रोज्नुभएन- धेरै गरीब किसान छ...।"

केटीले छामछुम गर्दै ढोका खोलिन् ।

"काकी ताचियाना ।"- उनले फूर्तिसाथ डाकिन् ।

फेरि उनी दौडँदै निस्किन् ।

"लौ त बिदा...।"- अन्धकार चिर्दै आएको केटीको स्वर सुनियो ।

आमा दैलोमा पुगेर अडिइन् र हातले आँखामा छायाँ पार्दै घरभित्र नियाल्न थालिन् । घर साँगुरो र सानो थियो तर त्यसको सफाइले तुरुन्तै आमाको ध्यान आकर्षित गऱ्यो । चूल्हो पछाडिबाट एउटी तरुनी आइमाई भुलुक्क देखा परिन् र उत्निखेरै चुपचाप टाउको निहुराएर गायव पनि भइन् । अघिल्तिर कुनामा रहेको टेबुलमा बत्ती बलिरहेको थियो ।

टेबुलनेर बसेको घर मालिक हडबडमा आफ्ना औंलाहरूले टेबुलमा टकटक गर्दै आमाका आँखामा भेट्टाउने प्रयास गर्दै थियो ।

"भित्रै आउनोस् न ।"- केही बेरपछि उसले भन्यो - "तचियाना, तुरुन्त गएर प्योत्रलाई डाकेर ल्याउ त, बरु चाँडै गर्नु है ।"

युवती पाहुनाको अनुहारतिर नहेरी तुरुन्तै निस्किन् । घर मालिकको अघिल्तिर राखिएको बेन्चमा बस्दै आमाले चारैतिर आँखा दगुराइन् । कतै उनको सुटकेस देखा परेन । घरभित्र पट्यार लाग्दो मौनता छाएको थियो, खालि बत्तीको ज्वालाबाट बीचबीचमा निस्किरहने धिपधिपे आवाजले यो मौनता भङ गरिदिन्थ्यो । किसानको चिन्तित विचारमग्न अनुहार आमाका आँखा अगाडि बारम्बार घुमिरहेको थियो र यसले उनको ह्दयमा एउटा चिसो भावना पैदा गर्दै थियो ।

"मेरो सुटकेश खोइ त ?"- आमाले एक्कासि ठूलो स्वरमा सोधिन् । आफ्नो यस प्रश्नले उनी आफैं झसंग भइन् ।

किसानले कुम हल्लायो र विचारमग्न हुँदै जवाफ दियो -

"हराउँदैन....।"

अनि अलि आवाज सानो पारेर उदास स्वरमा भन्दै गयो -

"केटीको अगाडि सुटकेश रित्तो छ भनेर मैले जानाजान ढाँटेको थिएँ, वास्तवमा त्यो रित्तो छैन । त्यसभित्र गऱ्हौं हुने गरी केही कुरा खाँदिएको छ ।"

"अनि के भयो त ?"- आमाले सोधिन् ।

ऊ उठ्यो र आमाको नजिक आयो, अनि निहुरिएर उनको कानैमा भन्यो -

"त्यो मान्छेलाई चिन्नुहुन्छ ?"

आमा झस्किन्, तैपनि उनले दृढतापूर्वक जवाफ दिइन् -

"चिन्दछु ।"

यस्तो लाग्थ्यो, मानौं त्यस संक्षिप्त उत्तरले उनलाई भित्रैदेखि आलोकित पाऱ्यो र बाहिरका सब कुराहरू स्पष्ट हुन गए र अब उनी शानत भइन् र सुस्केरा हाल्दै बेन्चमा सजिलो गरेर बसिन् ।

किसान मुस्कुरायो ।

"मैले त त्यसैबखत अन्दाज लगाइसकेको थिएँ, जब तपाईंले उसलाई इशारा गर्नुभएको थियो र उसले पनि तपाईंको इशाराको जवाफ दिएको थियो । तब मैले बिस्तारै उसको कानमा सोधें : "डेउढीमा उभिएकी आइमाईलाई चिन्छौ ?"

"उसले के जवाफ दियो नि ?"- आमाले तुरुन्त सोधिन् ।

"उसले ? भन्थ्यो, हाम्रा थुप्रै साथीहरू छन् । हो, हाम्रो संख्या धेरै छ...।"

प्रश्नसूचक दृष्टिले पाहुनाका आँखामा हेर्दै ऊ मुस्कुरायो र भन्दै गयो -

"बडो मर्द मान्छे रहेछ ऊ, बहादुर पनि उत्तिकै । ठाडै भनिदिन्छ- हो, मैले गऱ्या हुँ । जति पिटुन् न, आफूले भन्न खोजेको कुरा भनेरै छोड्छ ।"

उसको क्षीण र संकोचपूर्ण आवाज, के के नपुगे जस्तो अनुहार र उदास ट्वाल्ल परेका आँखा । यी सब कुराले आमालाई झन-झन ढाडस दिंदै गए । बिस्तारै बिस्तारै भय र विस्मयको ठाउँमा उनको ह्दयमा रीबिनप्रति एक गहिरो सहानुभूति पैदा हुन थाल्यो ।

"बदमाश, निर्दयीहरू ।"- एक्कासि तीतो रीसमा आफूलाई थाम्न नसकेर उनी चिच्च्याइन् र रुन थालिन् ।

किसान उदास भएर टाउको हल्लाउँदै त्यहाँबाट हट्यो ।

"यस्तो हुँदाहुँदै पनि केही मानिसहरू अझै पनि उनै हाकिमहरूका पछि लाग्न छाडेका छैनन्- कस्तो अचम्म त ।"

फेरि आमातिर फर्किंदै उसले बिस्तारै भन्यो -

"सुन त, मलाई लाग्छ सुटकेसमा पत्रिकाहरू छन्, होइन र ?"

"हो ।"- आँसु पुछ्दै आमाले सोझो जवाफ दिइन् - "मैले उसैलाई दिन ल्याएको ।"

उसले आँखीभौं खुम्च्याउँदै आफ्नो दाढी मुठ्ठीमा कस्यो र ट्वाल्ल कुनातिर हेर्न थाल्यो ।

"हो हामीकहाँ पत्रपत्रिकाहरू आउने गर्थे, किताबहरू पनि आइपुग्थे । त्यस मान्छेलाई हामीले चिनेका छौं, उसलाई देखेका छौं ।"

किसान चुपलाग्यो, केही सोच्यो र एकछिनपछि सोध्यो -

"अब तपाईं यसलाई के गर्नुहुन्छ त- यो सुटकेसलाई ?"

आमाले उसको मुखमा हेरिन् र चुनौतीको भावले भनिन् -

"तपाईंलाई छोडेर जान्छु.......।"

उसले न त आपत्ति नै प्रकट गऱ्यो, न त विस्मय नै ।

"ठीकै छ ।"- उसले छोटकरीमा जवाफ दियो ।

सहमतिसूचक टाउको हल्लाउँदै ऊ मेचमा बस्यो र मुठ्ठी फुस्काएर औंलाले दाढी कोर्न थाल्यो ।

रीबिनको रगतले लत्पतिएको घायल अनुहार आमाको दिमागमा घुम्न थाल्यो र उनले अरू सब कुरा बिर्सिन् । अरू सब भावनाहरू व्यथा र रोषको त्यस प्रवाहमा बिलाएर गए । अब उनी न त सुटकेसबारे नै सोच्दै थिइन्, न त अरू केही कुरा । उनका आँखाबाट आँसुको धारा बग्दै थियो, अनुहार कठोर थियो ।

"कसरी सक्दा रहेछन् अर्काको लुटपिट र अपमान गर्न यी नरपिशाचहरू ।"- आमाले दृढ स्वरमा भनिन् ।

"शक्ति त हो ।"- किसानले बिस्तारै भन्यो - "उनीहरूसँग बढी शक्ति छ ।"

"कहाँबाट आउँदो रहेछ यो शक्ति ?" - आमा रीसले चिच्च्याइन् - "हामीबाटै त लिने हुन् नि यिनीहरूले, हामी गरीब जनताहरूबाट त हो नि । सब चीज यिनीहरूले हामीबाटै लिन्छन् ।"

किसानको त्यो उदार तर रहस्यमय अनुहार देखेर आमा चिढिंदै थिइन् ।

"हो त नि ।"- उसले लामो सोचाइमा डुब्दै स्वर तानेर भन्यो - "चक्र त हो...।"

ऊ एक्कासि सतर्क भयो र ढोकातिर कान फर्काएर सुन्न थाल्यो ।

"आउँदैछन्...।"- उसले बिस्तारै भन्यो ।

"को ?"

"आफ्नै त होलान् नि....।"

उसकी स्वास्नी भित्र पसिन्, उनको पछि-पछि अर्को एक किसान पनि कोठाभित्र पस्यो र आफ्नो टोपी फ्याट्ट एउटा कुनामा मिल्काएर घरमालिकको नजीकै बस्यो ।

"कस्तो भो त ?"- उसले सोध्यो । घरमालिकले सहमतिसूचक टाउको हल्लायो ।

"स्तेपान ।"- भान्साबाट गृहिणीले भनिन् । "उहाँ त्यति टाढाबाट आउनुभएको छ, केही खानुहुन्छ कि ?"

"धन्यवाद बहिनी, मलाई भोक लागेको छैन ।"- आमाले जवाफ दिइन् ।

नवागन्तुक किसान आमातिर फर्क्यो र स्वाँस्वाँ गर्दै छिटोछिटो बोल्न थाल्यो -

"परिचय गरिहालौं न । मेरो नाउँ प्योत्र एगोरोभ ऱ्याबीनिन हो, बोलाउँदा शीलो भन्ने गर्छन् । तपाईंको कामबारे मलाई धेरथोर जानकारी छ । अलिअलि लेखपढ पनि गर्न सक्छु, पट्टै अन्धो छैन भन्नुपऱ्यो ।"

आमाले आफूतिर बढाएको हात समाउँदै उसले खुब हल्लायो र घर मालिकलाई सम्बोधन गर्दै भन्यो -

"सुनिस् स्तेपात । भारभारा निकोलाएभ्ना निकै जाती आइमाई छिन् भन्ने कुरा म स्वीकार गर्छु, तर यी सब कुरामा चाहिं उनी खतरा र बेवकुफी वाहेक अरू केही देख्दिनन् । उनको भनाइ अनुसार ती सब कुरा अल्लारे ठिटाहरू र विद्यार्थीहरूले सोझो मानिसहरूको मगज भुट्ने उपाय मात्र हो । तर हामी त अर्कै कुरा देख्छौं, ऊ क्या आजै मात्र यस्तो व्यक्ति पकडिए जो सोऱ्है आना किसान थियो । अझ यहाँलाई नै हेर न, अधबैंसे उमेरको आइमाई हुनुहुन्छ र मेरो विचारमा खान्दान परिवारकी पनि हुनुहुन्न होइन र ?"

ऊ सासै नफेरी छिटोछिटो तर बुझिने गरी बोलिरहेथ्यो, उसको दाढी हल्लंदै थियो र उसका आँखाहरू आमाको अनुहार र पूरै तलदेखि माथिसम्म नियाल्दै थिए । उसले लगाएको लुगा फाटेर धुजाधुजा परिसकेको, कपाल गज्याङ्मज्याङ् परेर खोसल्लिएको थियो, मानौं ऊ भर्खरै कसैसँग कुश्ती खेलेर आएको छ र विपक्षीलाई हराएको उपलक्ष्यमा खुशीले मदोन्मत्त छ । उसको जोश र निष्कपट सोझो कुरा गराइ आमालाई मनपऱ्यो । मायालु दृष्टिले उसको मुखमा हेर्दै आमाले उसको प्रश्नको जवाफ दिइन् । उसले आमाको हात अझ जोडले च्याप्यो र सुख्खा थर्किलो हाँसो हाँस्यो ।

"यो इमानदारीपूर्ण काम हो, बुझिस् स्तेपान । बडो असल काम हो । मैले तँलाई भनेकै थिएँ जनता आफैं यो काम गर्न अघि सर्नेछ । जहाँसम्म मेमसाहेबको कुरा छ उनी साँचो कहिल्यै बताउँदिनन्, यसमा उनलाई हानि छ । हो, कुरै के गर्नु र । म उनको आदर गर्छु, उनी मान्छे वेश छिन्, हाम्रो भलो चाहन्छिन् तर थोरै, त्यसै हदसम्म मात्र जहाँसम्म उनलाई बेफाइदा हुँदैन । तर जनता त सीधै अघि बढ्न चाहन्छ । ऊ घाटादेखि डराउँदैन । उसको निमित्त पूरा जीवन नै घाटापूर्ण छ जता फर्केर हेर चारैतिर एउटै शब्द 'पर्ख' सिवाय अरू केही सुनिंदैन ।"

"मैले बुझ्या छु ।"- स्तेपानले टाउको हल्लाउँदै भन्यो र फेरि थप्यो - "उहाँलाई सुटकेसको पीर छ ।"

"केही धन्दा मान्नुपर्दैन ।"- आमालाई आश्वासन दिंदै प्योत्रले आँखाको सान गरेर भन्यो - "सब ठीक हुन्छ आमै । तपाईंको सुटकेश मकहाँ छ । उसले तपाईंलाई पनि यही काममा लाग्नुभएको छ भन्नासाथ नै मैले भनेको थिएँ- हेर स्तेपात, होशियार हुनु है, यस्तो कुरामा चुँक्कसम्म पनि गर्नुहुन्न । तपाईं आफैंले पनि त त्यहाँ सँगै उभिएको बेलामा नै बुझिसक्नुभएको थियो होला हामी को हौं । इमान्दार व्यक्ति त परैबाट चिनिन्छ, तर दुःखको कुरा त के हो भने इमान्दार मानिसहरू नै कति पो छ र ? तपाईंको सुटकेश मकहाँ छ.....।"

ऊ आमाको नजीकै गएर बस्यो र प्रश्नसूचक दृष्टिले उनको मुखमा हेर्दै भन्यो -

"यदि तपाईं सुटकेशमा भएको कुरा तोड्न चाहनुहुन्छ भने पनि हामी खुशीसाथ तपाईंको मद्दत गर्न तयार छौं । किताबहरूको हामीलाई खाँचो छ...।"

"उहाँ सब किताबहरू हामीलाई नै छाडेर जान चाहनुहुन्छ ।"- स्तेपानले कुरा स्पष्ट पार्दै भन्यो ।

"भन हाम्रो आमा । हामी ती सब चीजहरू सुरक्षित राख्नेछौ ।"

ऊ हाँस्दै फूर्तिसाथ उभियो र कोठामा ओहोर दोहोर गर्न थाल्यो अनि फेरि मक्ख पर्दै भन्यो -

"कस्तो काकताली त । तर अचम्म मान्ने कुरा पनि केही छैन नि, घ्यू कहाँ पोखियो, छोराको भागमा । जहाँसम्म पत्रिकाको कुरा छ, आमा, बडो आवश्यक कुरा हो । जुन कामको लागि ल्याइएको हो त्यसै काममा प्रयोग हुनेछ, मानिसहरूको आँखाको पट्टी खोल्ने काम गर्नेछ । हो धनीहरूलाई नराम्रो लाग्ला । म आफैं यहाँबाट चार पाँच कोश पर बस्ने एउटी मेमसाहेबकहाँ सिकर्मीको काम गर्छु । साँच्ची भन्न हो भने आमा धेरै बेस छिन्, विभिन्न प्रकारका पुस्तकहरू पढ्न दिइरहेकी हुन्छिन् । साँच्चै भन्ने हो भने हामी उनीप्रति निकै आभारी छौं । तर एकदिन मैले उनलाई के एउटा यस्तै पत्रिका देखाएको थिएँ, उनी त रिसाउन पो थालिन्, भन्न थालिन् : "प्योत्र, मिल्काइदेउ यो पत्रिका, यो सब अल्लारे ठिटाहरूको काम हो, जसबाट आपत्तिसिवाय अरू केही हात लाग्दैन । जेल र साइबेरिया पठाउँछन् । यस्ता कुरा पढ्नेहरूलाई...।'"

ऊ फेरि अकस्मात चुप लाग्यो र केही सोचिसकेपछि सोध्यो -

"भन्नोस् त आमा, के यो मानिस तपाईंको नातेदार हो ?"

"होइन, पराइ नै हो ।"- आमाले जवाफ दिइन् ।

प्योत्र मुसुमुसु हाँस्यो र यस प्रकारले टाउको हल्लाउन थाल्यो, मानौं ऊ केही कुरामा धेरै खुशी भएको छ । तर आमाले तुरुन्तै अनुभव गरिहालिन्, रीबिनप्रति "पराइ' शब्द प्रयोग गरेर उनले ठीक गरिन र आफैं आफ्नो अपमान गर्दैछिन् ।

"नातेदार त होइन ।"- उनले भनिन् - "तर म उसलाई धेरै अघिदेखि चिन्छु र आफ्नै दाजु, जेठा दाजु जस्तो आदर गर्छु ।"

उनी आफ्नो भाव व्यक्त गर्न मिल्दो शब्द भेट्टाइरहेकी थिइनन् र यसले गर्दा उनलाई अति कष्ट भएर आयो र असाध्य भएर फेरि रुन थालिन् । घरभित्र उदास, शंकास्पद वातावरण फैलियो । प्योत्र टाउको झुकाएर उभिएको थियो, मानौं केही सुन्दै छ, स्तेपान टेबुलमा कुहिनो मारेर बसेको थियो र हडबडले गर्दा टेबुलमा टकटक गर्दै थियो । स्तेपानकी स्वास्नीचाहिं चूल्होमा अडेस लाएर उभिएकी थिइन् । आमालाई उनको आफूमाथिको एकोहोरो हेराइको आभास भैरहेको थियो र उनी आफैं पनि बेलाबेलामा छड्के तालले उनको अनुहारमा हेर्थिन् । आइमाईको अनुहार लाम्चिलो, गहुँगोरो थियो, नाक सोझो र चिउँडो चट्ट काटिएको थियो । उसका हरिया आँखाहरू निकै तीखा र सतर्क देखिन्थे ।

"उसो भए साती भन्नुपऱ्यो ।"- प्योत्रले केही सोच्दै बिस्तारै भन्यो - "आफ्नो दिमागले काम गर्छ र आफ्नो कदर गर्न जान्छ, क्याबात मान्छे । देख्यौ, ताचियाना तिमी चाहिं भन्छ्यौ...।"

"ऊ विवाहित हो ?"- ताचियानाले बीचैमा उसको कुरा काटेर सोधिन् । उनको सानो मुखका पातला ओठहरू टम्म कसिए ।

"स्वास्नी मरिन् ।"- आमाले उदास स्वरमा जवाफ दिइन् ।

"त्यसैले त त्यत्रो बहादुरी देखाउन सकेछ ।"- ताचियानाले मधुर आवाजमा भनिन् - "जहान परिवार भएको मान्छे यस्ता काममा लाग्दैन, डराउँछ .......।"

"अनि म के त ? मेरो परिवार छैन र ?"- प्योत्रले चर्को स्वरमा सोध्यो ।

"भैहाल्यो छिमेकी फुर्ति लाउनु पर्दैन ।" आइमाईले प्योत्रतिर नहेरीकनै मुख बङ्ग्याउँदै भनिन् - "तिमी कामै के गर्छौ र ? खालि गफ गर्न जान्या छौ । कहिलेकाहीं यसो एउटा किताब पढिदिन्छौ । तिमी र स्तेपानले एउटा कुनामा बसेर गऱ्या खस्याकखुसुकले फाइदा नै कसलाई हुन्छ र ।"

"मेरो कुरा खाने धेरै छन् ।"- किसानले रन्थनिंदै भन्यो - "जहाँ पनि म नभै हुँदैन, तिमी बेकारमा यस्तो कुरा गर्छौ......।"

स्तेपानले चुपचाप स्वास्नीको मुखमा हेऱ्यो र फेरि टाउको झुकायो ।

"किन यी लोग्नेमान्छेहरू बिहे गर्दा रहेछन् ?"- ताचियानाले सोधिन् - "कामै गराउनको लागि त हो नि, तर कामै पो के छ र ?"

"तपाईं अझ काम पुगेको छैन र ?"- स्तेपानले रन्किंदै भन्यो ।

"यस्तो काम पनि काम हो र ?" आधा पेट खाएर दिन काट्ने बाटो गरेर आखिर फाइदा नै के छ र ? सन्तान जन्मिन्छन्, यही कामले गर्दा उनको हेरचाह गर्ने फुर्सद हुँदैन, तैपनि कहिल्यै पेटभरि खान पाउनु छैन ।"

उनी आमाको नजीकै गएर बसिन् र कुरा गर्दै रहिन् । उनको भनाइमा न दुःख मनाउ नै थियो न त उदासी नै ।

"मेरो दुइटा केटाकेटी भए । एउटा दुई वर्षको उमेरमा तातो पानीमा परेर मऱ्यो । अर्को मरेकै जन्मियो । सब यही पापी कामको फल हो । सुख नै मैले के पाएँ र ? म त भन्छु यी मान्छेहरू बेकारमा बिहे गर्छन्, आफ्नो हातमा आफैं हत्कडी लाउँछन् । स्वतन्त्र जिन्दगी बिताएर सबैको भलाइको लागि लडेका भए कति जाती हुन्थ्यो । त्यो अवस्थामा प्रत्येक किसान त्यो मान्छे जस्तो निर्धक्क भएर सच्चाइको खोजीमा निस्कन सक्दछ । होइन त आमा ।"

"हो नानी ।"- आमाले भनिन् - "ठीक भन्यौ तिमीले बहिनी, यसबिना हामीले आफ्नो जिन्दगी बदल्ने लक्ष्य नै कसरी राख्न सक्छौं र...।"

"तपाईंको लोग्ने हुनुहुन्छ ?"

"उनी मरे । छोरो छ.....।"

"ऊ नि ? तपाईंसँग बस्छ ?"

"जेलमा छ ।"- आमाले भनिन् ।

सधैं यो कुरा सुनाउँदा आमा दुःखित हुन्थिन् । तर यसपल्ट उनको स्वरमा गर्वको भावना मिसिएको थियो ।

"दोस्रो पटक जेल परेको छ । उसको कसुर भन्नु नै के हो भने उसले सत्य बुझेको छ र निर्धक्क भएर सबैलाई बताउँछ । मानिस ऊ नौजवान, सुन्दर र चलाख छ । उसैले त तपाईंहरूको लागि यो पत्रिकाको कुरा सोचेको हो । आफूभन्दा दुई गुना जेठो मिखाइल इभानोभिचलाई उसैले सही बाटोमा लिएर आयो । चाँडै नै उनीहरूमाथि मुद्दा चलाइनेछ र मेरो छोरालाई साइबेरिया पठाउनेछन्, तर ऊ भागेर आइपुग्नेछ र फेरि आफ्नो काममा लाग्नेछ ।"

बोल्दाबोल्दै आमाको गर्वको भावना बढ्दै गयो र उनको सामुन्ने आफ्नो यस कहानीको नायकको चित्र कति स्पष्ट भएर देखा पऱ्यो भने उसको वर्णनको निमित्त शब्दहरू बाढी आए जस्तै उनको ओठमा आउन थाले । यसले गर्दा उनलाई सास फेर्न समेत मुश्किल पर्न थाल्यो । अहिले आमा कुनै त्यस्तो उज्ज्वल एवम् विवेकपूर्ण कुराले दिउँसो आफूले देखेकी भयंकर घटनाहरू छोपिदिन चाहन्थिन् । त्यस घटनाको निरर्थक त्रास, लज्जास्पद क्रूरताले आमाको मस्तिष्क ढाक्दै थियो । त्यसैले आफ्नो स्वच्छ आत्माको मागसमक्ष अचेतन रूपमा आत्मसमर्पण गर्दै आमाले ती समस्त आदर्श एवम् उज्ज्वल कुराहरूलाई बटुलेर एक प्रबल ज्योतिको रूप दिइन् र त्यस ज्योतिको प्रकाशले आमाको आँखै तिरमिऱ्याए....।

"ऊ जस्तै अरू पनि धेरै छन्, हरेक दिन नयाँनयाँ जन्मदै छन् र उनीहरू सबै जिन्दगीभर सत्यता र जनमुक्तिको निमित्त लड्दै छन्...।"

आमाले सतर्कता बिर्सिन्, हुन त उनी कसैको नाउँ लिइरहेकी थिइनन्, तर जनतालाई उत्पीडनबाट मुक्त गर्न जे जति गुप्त कामहरू भैराखेका थिए, ती सबको विषयमा आफूलाई थाहा भए जति सबै बताइदिइन् । आफ्नो ह्दय नजीक भएका ती मानिसहरूबारे चर्चा गर्दै उनले आफ्ना शब्दहरूमा त्यस प्रेमको सान्हा शक्ति र प्रचूरता चुर्लुम्म हुने गरी भरिदिइन्, जुन प्रेम जिन्दगीका कठोर मारहरूले गर्दा यति ढीलो गएर उनमा प्रस्फुटित भएथ्यो । उनी आफैं पनि आफ्नो कल्पनामा उभिन आएका मानिसहरूको चित्रमा हेर्दै मख्ख परिरहेकी थिइन्, उनको भावनाले उनलाई अझ प्रतिभामयी र गौरवशाली बनाइदिएको थियो ।

"यो काम सारा विश्वभरि, प्रत्येक शहरमा, जताततै चलिरहेको छ । इमान्दार व्यक्तिको शक्तिको कुनै सीमा हुँदैन । उनीहरूको यो शक्ति दिनप्रतिदिन बढ्दै छ र त्यस समयसम्म बढ्दै जानेछ जबसम्म हामी विजयी हुनेछैनौं ।" ...क्रमशः

# संविधानका सकारात्मक...

त्यसलाई बेलैमा बुझेर राजनीतिक नेतृत्वले ठीक ढङ्गले योजना बनाउन र मुख्यतः आर्थिक पछौटेपनलाई अन्त्य गर्न सक्नुपर्छ, त्यसमा नेतृत्वको कमजोरी हो। अहिलेको विश्व अन्तरसम्बन्धित छ, हाम्रो आफ्नै देशले मात्रै एक्लै गर्छु भनेर हुँदैन, सुगौली सन्धियता नेपाल जसरी भारतवेष्टित रूपमा रहेको छ, खुला सिमाना, ऐतिहासिक ढङ्गले बनेको असमान सम्बन्धलाई नसच्याएसम्म नेपालभित्रको प्रक्रियाले मात्रै पनि हुँदैन। पछिल्लो चरणमा उदीयमान चीन र भारतका बीचमा हामी छौँ, अहिलेको युगअनुसार वैदेशिक सम्बन्धलाई पनि सच्याएर लान सक्नुपर्छ। आर्थिक विकासको गतिमा देखिएको कमीका कारण जनतामा निराशा पैदा भएको हो। यसलाई दूरदर्शी नेतृत्वले बुझेर हल गर्नुपर्छ।

**पछिल्ला दिनमा हिन्दू राज्यको विषयलाई उचालेर सदनदेखि सडकसम्म आवाज उठ्न थालेको छ। लामो समयदेखि जनताका पक्षमा लागेका राजनीतिक दलभन्दा पनि स्वतन्त्र भनिएका पक्षहरूको हल्ला धेरै सुनिन्छ। यसले के सङ्केत गरिरहेको छ ?**

जनतामा असन्तुष्टि हुनु त स्वाभाविक मान्नुपर्छ। असन्तुष्टिले नै राम्रो काम गर्न अभिप्रेरित गर्छ तर अहिले त्यसका नाउँमा व्यवस्थालाई नै भत्काउने र पछि फर्काउने जुन कुरा गर्छन्, त्यो सत्य हुँदैन, उल्टो बाटो हिँडेर संसारमा कोही पनि अगाडि बढ्न सक्दैन। जहाँ अवरोध छ, त्यसलाई पो हल गर्ने हो, गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता र समावेशी लोकतन्त्र त आधुनिक युगका लोकतन्त्रका आधारभूत मान्यता हुन् र नेपाली संविधानका महत्वपूर्ण चार खम्बा हुन्। यीमध्ये एउटा खम्बा भत्काइयो भने लोकतन्त्र नै रहँदैन। खासगरी राजतन्त्रवादी शक्तिले जनताको पिछडिएको चेतनाको दोहन गरेर हल्ला गरेका हुन्। 'सिधै राजा ल्याऊ' भन्दाखेरि त जनतामा 'पपुलर हुन' सकिँदैन, नेपाल बहुधार्मिक मुलुक हो, यहाँ हिन्दू, बौद्ध, मुस्लिम, किराँत, बोनलगायत थुप्रै धर्मावलम्बी छन्। तीमध्ये हिन्दूको सङ्ख्या अलि बढी छ, त्यसैले उनीहरूले हिन्दूमा त्यस खालको भय सिर्जना गरेर यो संविधान भत्काउनका निम्ति धार्मिक मुद्दा उठाएका छन्। यसलाई बेलैमा बुझ्नुपर्छ। विश्वव्यापी रूपमा जहाँजहाँ पूँजीवादको सङ्कट आइरहेको छ, त्यसलाई अग्रगामी ढङ्गले हल गर्नाको साटो जनताको पिछडिएको चेतनाको दोहन गरेर इतिहासलाई पछाडि फर्काउने प्रयत्नप्रति हामी बेलैमा सतर्क भएर अगाडि बढ्नुपर्छ। धर्म व्यक्तिको आस्थाको कुरा हो, यसलाई सम्मान गर्ने विषय रहन्छ तर धर्मको राजनीति गर्नेहरू प्रतिगामी सोच राख्ने शक्ति छन्, तिनलाई बेलैमा चिनेर निषेध गर्नुपर्छ।

**विस्तृत शान्ति सम्झौतामार्फत नेपालमा १० वर्षे जनयुद्ध समाप्त भयो, तर अझै पनि शान्ति प्रक्रियाका कतिपय विषय अझै टुङ्गोमा पुग्न सकेको छैन, यसमा यहाँको धारणा के छ ?**

हामीले नेपालको क्रान्तिलाई सम्झौतामार्फत अगाडि बढाएका हौं। परम्परागत राजावादी शक्ति, बीचका संसदीय सुधारवादी लोकतन्त्रवादी शक्ति र अर्को क्रान्तिकारी प्रगतिशील वामपन्थी शक्तिको द्वन्द्वका बीचमा नै हामीले १२ बुँदे र शान्ति सम्झौता जुन गर्यौं, त्यसअन्तर्गत राजतन्त्रको अन्त्य गरी संसदीय शक्ति र अग्रगामी क्रान्तिकारी शक्ति बीचको सम्झौताबाट संविधानको यो बाटो अपनायौं, यी दुई शक्तिका बीचमा तालमेल ठीक ढङ्गले नमिल्नु, नेतृत्वमा सत्ता लिप्सा देखापर्नु, क्रान्तिकारी आन्दोलनभित्र पनि स्खलन देखापर्नु आदि कारणले शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न ढिला भइरहेको छ। यसलाई ढिलो गरिनु हुँदैन। खासगरी सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगमार्फत त्यसलाई हल गर्ने भनेर हामीले मौलिक विधि शान्ति सम्झौतादेखि नै संविधानमा समेत व्यवस्था गरेका छौं। छिट्टै यसलाई हल गर्नुपर्छ। बाह्रबुँदे समभ्रदारीपछि यताका मूलभूत शक्तिले नै यस संविधानलाई कार्यान्वयन गर्ने र शान्ति प्रक्रिया पूरा गर्ने मुख्य जिम्मेवारी लिनुपर्छ। नयाँ आउने पुस्ताको जुन नयाँ आकाङ्क्षा छ, पुराना कुरा त्यति बुझ्दैनन्, उनीहरूलाई पनि यसको महत्वबोध गराएर इतिहासलाई अगाडि बढाउनुपर्छ।

**पछिल्लो समय युवा, विद्यार्थीको विदेश पलायन तीव्र भएको छ, यसले मुलुकको आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा कस्तो दूरगामी असर गर्छ ? यसलाई निराकरण गर्न के गर्नुपर्छ ?**

केही समययता जसरी हाम्रो श्रमिक विदेश पलायन हुने चक्र चलेको थियो, त्यसमा केही वर्षयता उच्च शिक्षाका निम्ति युवा, विद्यार्थी विदेश पलायन हुने प्रवृत्ति बढेको छ। यसलाई वस्तुगत र आत्मगत पक्षबाट हेर्नुपर्छ। पूँजीवादी विकासको एउटा नियम के हुन्छ भने ठूलो चुम्बकले सानो चुम्बकलाई तान्छ। पछिल्लो चरणमा जुन ढङ्गको पूँजीवादको विकासको केन्द्र एसियाको क्षेत्र बनिरहेको छ र नेपालका तुलनामा भारत, खाडी, मलेसियालगायत देश अगाडि बढ्नु आदिले गर्दा ती मुलुकमा श्रमको आवश्यकता बढी भएकाले तिनीहरूले हाम्रा श्रमिकलाई यहाँभन्दा बढी सुविधा दिन सक्ने कारणले आकर्षण बढाएर लगेका छन्। त्यसैगरी युरोप, अमेरिका सुरुदेखि नै स्वतः ज्ञानविज्ञानमा अगाडि छन्, हाम्रा युवालाई उच्च शिक्षाको आकाङ्क्षा बढाएर त्यता तान्नु वस्तुगत प्रक्रिया हो। यो निरन्तर भइराख्छ। आत्मगत ढङ्गले हामीले आफैंले यहाँ आफूअनुकूल वातावरण र रोजगारी सिर्जना गर्न नसकेर, जीवनसँग जोडिएको गुणस्तरीय प्राविधिक शिक्षा दिन नसकेर हाम्रा श्रमिकलाई वैदेशिक रोजगारीमा जान बाध्य पार्ने र विद्यार्थीलाई गुणस्तरीय शिक्षाका निम्ति विदेश जान बाध्य पार्ने काम भइरहेको छ, यो गम्भीर छ। राजनीतिक नेतृत्वले आत्मसमीक्षा गरेर यसको उचित उपाय खोज्नुपर्छ। बाहिरबाट तान्ने त स्वाभाविक हो। तर हामीले गर्न सक्ने भनेको चाहिँ साधनस्रोतको सदुपयोग गरेर उपयुक्त आर्थिक विकासको नीति अपनाउने र श्रम निर्यात गर्ने होइन, बाहिरबाटै पूँजी र प्रविधि आयात गरेर वस्तु र सेवा निर्माण गरी निर्यात गर्नेतर्फ जानुपर्छ। अहिले हामीले श्रम निर्यात र वस्तु आयात गरिरहेका छौं, यस्तो परनिर्भरताले देश कहिल्यै बन्दैन। त्यसकारण यो बाटो सच्याउनुपर्छ। अर्को, हाम्रो शिक्षा अत्यन्त पुरातन खालको छ, जीवन र रोजगारीसँग जोडिन सकेको छैन। त्यसकारण युवाहरू बाहिर जान बाध्य छन्। शिक्षा क्षेत्रमा आमूल सुधार गर्ने, गुणस्तरीय शिक्षा प्रदान गरेर रोजगारीको वातावरण सिर्जना गर्ने दिशामा जानुपर्छ।

**वर्तमान संविधानअनुसार दुईपटक निर्वाचन भइसक्दा पनि विकास निर्माणले गति लिन सकेको छैन, आर्थिक गतिविधि सुस्त छ, युवा पलायन बढ्दो छ। राज्यसँग साधन स्रोत कम भएका अवस्थामा देशलाई सहज ढङ्गबाट अगाडि बढाउन र युवालाई यही देशमा बस्ने वातावरण बनाउन के गर्नुपर्ला ?**

गम्भीर विषय यही छ, यति ठूलो क्रान्तिकारी राजनीतिक परिवर्तनपछि देशमा स्थिर प्रकृतिको सरकार र दूरदृष्टियुक्त राजनीतिक नेतृत्वको आवश्यकता थियो। दुर्भाग्य के भयो भने शान्ति प्रक्रियापछि राजनीतिक स्थिरता ठीक ढङ्गले कार्यान्वयन गर्न सकेनौं, सङ्क्रमणकाल लम्बिँदै गयो, राजनीतिक नेतृत्वले हिजो व्यवस्था परिवर्तनका लागि युद्ध लड्दा, आन्दोलन गर्दा जुन खालको दक्षता, जेलनेल, दुःख कष्ट गर्ने क्षमता देखाएको थियो, अब त यहाँको आर्थिक विकास, समृद्धि र सामाजिक आर्थिक रूपान्तरणको पछिल्लो ज्ञानविज्ञान र प्रविधिमा पोख्त भएको नेतृत्वको आवश्यकता थियो। हाम्रो नेतृत्वले आफूलाई रूपान्तरण गर्न पनि सकेन, नयाँलाई अगाडि ल्याउने बाटो पनि खोलिदिएन। त्यसैले यस समस्याको मुख्य कारण नेतृत्वको सङ्कट नै हो। हामीले छिटोभन्दा छिटो अहिलेको राजनीतिक नेतृत्वलाई त्यो बोध गराउनुपर्छ या यसलाई विस्थापित गरेर अहिलेको युग सुहाउँदो, देश र अन्तरराष्ट्रिय परिस्थितिलाई बुझ्ने, विज्ञान र प्रविधिलाई ठीक ढङ्गले बुझेको नयाँ नेतृत्व देशमा आउनुपर्छ।

नेपाल बन्नै सक्दैन भन्ने होइन। म आफू क्षेत्रीय विकास योजनाको विद्यार्थी हुनाको नाताले अर्थमन्त्री छँदा देशको खाका कोरिएको थियो, प्रधानमन्त्री छँदा संसद् नहुनाले ऐन कानुन बनाएर बजेट पेस गर्न पाइएन। तर पनि कतिपय पहल थालिएको थियो। रूपान्तरणकारी योजना सुरु गरिएको थियो। कृषि प्रधान अर्थतन्त्रलाई औद्योगिक अर्थतन्त्रमा लाने हो भने हामीले सुरुका चरणमा पूर्वाधारमा नै लगानी गर्नुपर्छ। सडक, सिँचाइ, हवाई, जलविद्युत्, शिक्षा र स्वास्थ्यका पूर्वाधारमा लगानी गरेर मात्रै कृषिप्रधान अर्थतन्त्रलाई बजारसँग जोड्ने र औद्योगिक अर्थतन्त्रमा रूपान्तरण गर्ने बाटो खुल्छ। विकासको यस विषयलाई बुझेर मैले त्यसो गरेको हुँ। तर त्यसपछिका सरकारले यसको महत्व नै बुझेनन्। राष्ट्रिय गौरवका आयोजना कुनै पनि पूरा गर्न सकेका छैनौं। हाम्रो ध्यान त्यहाँ जानुपर्थ्यो। सँगसँगै अहिलेको युगमा श्रम र प्राकृतिक साधनस्रोत हामीसँग छ तर पूँजी र प्रविधिको कमी छ, त्यसो भएकाले हाम्रो नेतृत्वले यस्तो बेलामा खासगरी दुई ठूला छिमेकी र पश्चिमा शक्तिसँग सन्तुलित सम्बन्ध राखेर तिनीहरूबाट पूँजी र प्रविधि आयात गर्ने र यहाँबाट वस्तु र सेवा निर्यात गर्ने विकासको नीति लिन सक्नुपर्थ्यो। त्यो राजनीतिक नेतृत्वको दूरदृष्टिको अभावकै कारणले यो समस्या आएको हो। यसको हल गर्न सकिन्छ। युवा पलायन भएर हुँदैन। युवा यहीँ नै बसेर यसलाई बदल्नका निम्ति योगदान गर्नुपर्छ। नेपाल बन्छ भन्नेमा म विश्वस्त छु।

**प्रधानमन्त्रीको अध्यक्षता रहने लगानी बोर्ड छ। पूर्वाधार विकासका क्षेत्रमा विदेशी लगानी त्यति आउन सकेको छैन। निजी क्षेत्र पनि आकर्षित भइरहेको अवस्था छैन। समस्या कहानेर छ ?**

समस्या नीतिगत रूपमै छ। टुक्राटुक्रे कुनै मन्त्रालय वा विभागभित्र राखेर विकासको गति अगाडि बढ्दैन। त्यसैले मैले सुरुमा उच्चस्तरीय विकासको प्राधिकरण बनाऔं, त्यसले सिधै कार्यकारी प्रमुख मातहत रहेको विकास प्राधिकरण बनाऔं र त्यसले सबै मन्त्रालयलाई समन्वय गर्न सक्ने र राष्ट्रिय अन्तरराष्ट्रिय पूँजी र प्रविधि तथा विज्ञको परिचालन गरेर देशको विकासको दीर्घकालीन रणनीति बनाउन सकोस्, जस्तै पूर्वाधार, जलस्रोत, शिक्षा, स्वास्थ्य, कृषिको वैज्ञानिकीकरण, आद्यौगिकीकरण, सामाजिक क्षेत्रको विकासको रणनीति बनाउन सकोस् भनेको थिएँ।

विदेशी पूँजी र प्रविधि नल्याएसम्म देश बन्दैन। खासगरी भारत र चीन ठूला अर्थतन्त्रका रूपमा अगाडि आइरहेका छन्। चीन छिट्टै पहिलो तथा भारत तेस्रो अर्थतन्त्र बन्दैछ। दुई अर्बभन्दा बढीको बजार हाम्रो छेउछाउमा छ। यी दुई मुलुक जोड्ने पुलका रूपमा विकास गरौं। हिजोको जस्तो दुई ढुङ्गाबीचको तरुल होइन, दुई सागरलाई जोड्ने सेतुका रूपमा नेपाल बनाऔं भनेर मैले यो अवधारणा अगाडि सारेको हो। दुवै मुलुकमा मूल्य शृङ्खलासम्म जोड्ने ढङ्गले पूँजी र प्रविधि ल्याउनका निम्ति अधिकार सम्पन्न लगानी बोर्ड बनाऔं, त्यसले सिधै लगानीको निर्णय गर्न सक्छ भनेर मैले अवधारणा ल्याएको थिएँ तर विकास प्राधिकरणको अवधारणा त साथीहरूले अगाडि बढाउन चाहनुभएन। मैले पछिल्लो पटक पनि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सुझाव दिएको थिएँ। जुन लगानी बोर्ड बन्यो, त्यसको कानुन निम्छरो बन्यो, त्यसले गर्दा लगानी पनि त्यसअनुसार आउन सकेन। नीतिगत रूपमा नै यसलाई सच्याउनुपर्छ। त्यसो गर्न सकिएन भने पुरानै बाटो हिँडेर नयाँ ठाउँमा पुग्न सकिँदैन।

**प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' संयुक्त राष्ट्र सङ्घ र जनवादी गणतन्त्र चीनको भ्रमणमा हुनुहुन्छ। हामीले आर्थिक कूटनीतिलाई जोड दिने भन्दै आएका छौ, आर्थिक कूटनीति झन् कमजोर भइरहेको छ। यसलाई प्रभावकारी बनाउन के गर्नुपर्छ ?**

राजनीतिक दूरदृष्टि भएको नेतृत्व चाहियो भनेर मैले पहिल्यैदेखि नै भनिआएको छु। अहिलेको युगको आवश्यकता तीव्र आर्थिक विकास नै हो र त्यसका निम्ति देशभित्र उपयुक्त नीति बन्नुपर्छ। विकास प्राधिकरणजस्तो संस्था बनाएर विकासको रणनीति बनाउने सोच हुनुपर्यो। स्वदेशभित्रको साधनस्रोतको परिचालन गर्ने र बाह्य साधन स्रोतको परिचालन गर्ने खाका हुनुपर्यो। त्यसमा महत्वपूर्ण विषय भारत र चीन तथा युरोप, अमेरिकासँगको सम्बन्धलाई सन्तुलित ढङ्गले राखेर अगाडि लैजान सक्नुपर्छ। तर हाम्रो यहाँ त्यस्तो भएको छैन। प्रत्येक दलले आफ्नो स्वार्थअनुसारको सम्बन्ध बनाउने, दलभित्र गुट, गुटभित्र पनि व्यक्तिले आफ्नो स्वार्थका निम्ति सम्बन्ध राख्ने भएपछि राष्ट्रिय नीति त बन्दैन। अब अहिले प्रधानमन्त्री प्रचण्डलाई अवसर छ। देशभित्र अस्थिरता र अन्तर्राष्ट्रिय छवि बलियो बन्न नसकेको अवस्था छ। विश्वासको वातावरण बनेको छैन। यस्तो बेलामा यस्ता भ्रमणबाट धेरै अपेक्षा गर्न सकिएला जस्तो लाग्दैन। तर त्यसको अर्थ बन्दैन, हुँदैन भन्ने ठान्दिन। बिलकुल प्रस्ट सम्भावना छ। त्यसका निम्ति 'भिजन', दूरदृष्टि र राजनीतिक दलभित्र न्यूनतम् राष्ट्रिय एकता चाहियो। त्यति भए हामी अगाडि जान सक्छौं।

**अन्त्यमा, संविधान दिवस २०८० अवसरमा यहाँका थप सन्देश केही छन् कि ?**

-संविधान दिवसका अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीमा शुभकामना व्यक्त गर्न चाहन्छु। यति ठूलो परिवर्तनका निम्ति सहिद, बेपत्ता र घाइतेजनले गरेको योगदानको म उच्च सम्मान गर्न चाहन्छु। संविधानका मूलभूल विषयलाई जोगाउँदै यसभन्दा उन्नत प्रकारको समृद्ध समाजवादी समाज निर्माण गर्नु नै अबको आवश्यकता हो। विभिन्न बहानामा यसलाई उल्ट्याउन खोज्ने प्रवृत्तिबाट हामी सतर्क रहनुपर्छ। नयाँ पुस्ता सक्रिय र जागरुक हुँदै अगाडि आएको छ, उसले इतिहासको उपलब्धिमा टेकेर अगाडि जाने सोच बनाउनुपर्छ। त्यसो हुन सक्यो भने नेपाल बन्छ। यो संविधान दिवसले हामी सबैलाई त्यो उत्प्रेरणा देओस्।

# समयमै अस्पताल पुऱ्याउन सके सर्पदंशका बिरामीले ज्यान गुमाउनु पर्दैन

**काठमाडौं।** समयमै अस्पताल पुऱ्याउन नसक्दा सर्पदंशका अधिकांश बिरामी ज्यान गुमाउन बाध्य भइरहेका छन्। सर्पदंशका गम्भीर बिरामी बर्दिया बाँसगढी नगरपालिका-३ उत्तरभकारी निवासी पाँच वर्षीय बालक जय थारुको अस्पताल पुग्न नपाउँदै मृत्यु भएको हो।

जयलाई घरको आँगनमा गोमन सर्पले टोकेपछि उपचारका लागि नेपालगञ्जस्थित भेरी अस्पताल लैजाँदै गर्दा बाटैमा मृत्यु भएको भेरी अस्पतालका एनेस्थेसियोलोजिष्ट प्रमुख सर्पदंश विज्ञ डा कृष्ण आचार्यले जानकारी दिए। 'ती बालकलाई निकै विषालु गोमन सर्पले डसेको रहेछ, अस्पताल ल्याउँदा मृत्यु भइसकेको थियो' डा आचार्यले भने- 'अस्पताल ल्याउन ढिलाइ भएका कारण बिरामीको उपचार गर्न सकिएन।'

यस वर्ष वैशाखदेखि पाँच महिनाको अवधिमा भेरी अस्पतालमा उपचारका लागि पुऱ्याएकामध्ये ६ जनाको बाटैमा मृत्यु भइसकेको छ। डा आचार्यका अनुसार सर्पदंशका ती बिरामीलाई मृत्यु भइसकेपछि मात्र भेरी अस्पताल ल्याइएको थियो। उनले सोही अवधिमा भेरी अस्पतालमा चार सय २० जना सर्पदंशका बिरामीको उपचार भइसकेको बताए। भेरी अस्तालमा उपचार गराउन यही अवधिमा पुगेका सर्पदंशका बिरामीको उपचारकै क्रममा चार जनाको मृत्यु भएको, एक जना वार्डमा र एक जना आइसियुमा उपचाररत रहेको समेत उनले बताए।

सर्पले टोकेका बिरामीलाई अस्पताल वा उपचार केन्द्रसम्म ल्याउनै ढिलो हुने गरेका कारण बिरामीको ज्यान जोखिममा पर्ने गरेकाले तुरुन्तै अस्पताल पुऱ्याए डा आचार्यले बताए। सर्पले टोकेमा गाउँटोलकै धामी, झाँक्री, गुरुवा वा अरु परम्परागत विधिमा नअल्झेर बिरामीलाई तुरुन्त सर्पदंश उपचार केन्द्र वा उपचार हुने अस्पतालमा ल्याउन उनको सुझाव थियो।

भेरी अस्पतालका प्रमुख कन्सल्टेन्ट फिजिसियन डा राजन पाण्डेले ८० प्रतिशत बिरामी अस्पताल ल्याउँदा ल्याउँदै मृत्यु हुने गरेको बताए। 'सर्पले टोकेमा प्रि हस्पिटल केयर नै सबैभन्दा महत्त्वपूर्ण हुन्छ, समयमै अस्पताल ल्याउन सके अकालमै ज्यान गुमाउनु पर्दैन' डा राजनले सुझाए।

## संविधानलाई...

र नयाँ तुल्याउने प्रमुख चार तत्त्वहरू हुन्- गणतन्त्र, संघीयता, समानुपातिक/समावेशिताको व्यवस्था र धर्मनिरपेक्षता। यद्यपि 'वेस्टमिनिस्टेरियल' सरकारको संरचना र आलंकारिक राष्ट्रपतिको व्यवस्थालगायतका कारण वर्तमान संविधान पनि परम्परागत सडेगलेको संसदीय प्रणालीभन्दा खासै अगाडि बढ्न सकेको देखिँदैन। आठ वर्षसम्मको प्रयोग र परीक्षणबाट पनि उक्त कुरा प्रमाणित भइसकेको छ। दसवर्षे जनयुद्ध र त्यसैको जगमा सम्पन्न भएको उन्नाईसदिने जनआन्दोलनको संयोजनद्वारा परिवर्तित राजनीतिक व्यवस्थाका उल्लेखित चार तत्त्वहरूमध्ये धर्मनिरपेक्षता राज्य प्रणाली, समाज र जनताका निम्ति खासै चासो र महत्त्वको विषय होइन; यो केवल प्रचारप्रसार तथा समर्थन र विरोधको अर्थहीन विषय मात्रै हो। वर्तमान संविधानको मुख्य उपलब्धि भनेकै राजतन्त्रको अन्त्य र गणतन्त्रको स्थापना एवं संस्थागत गर्ने प्रक्रिया हो। यद्यपि गणतन्त्रलाई नै कतिपय पुराना संसद्वादी दल र समूहहरू अथवा तीभित्र रहेका उल्लेख्य संख्याका पात्र/प्रवृत्तिहरूले मनैदेखि रुचाउन र पचाउन अझैसम्म पनि सकिरहेको देखिँदैन। जनताले अधिकार पाएको, जनता रैतीबाट नागरिक भएको र मुलुकले उज्यालोतर्फ पदार्पण गरेको देख्न नचाहने घोषित प्रतिक्रियावादी तत्त्वहरूको गणतन्त्रप्रति विमति रहनु अनौठो कुरै भएन। वर्तमान संविधानको अर्को महत्त्वपूर्ण अन्तर्वस्तु अर्थात् संघीय, प्रादेशिक र स्थानीय तह गरी राज्यलाई तीन प्रकारका शासकीय इकाइहरूमा संयोजन गर्ने प्रक्रिया अथवा संघीय प्रणाली त झन् बढी विवादित बन्दै गइरहेको छ। एकातिर नेपालको सन्दर्भमा नितान्त नयाँ र नौलो प्रयोग, अर्कातिर ठूलो संख्यामा जनप्रतिनिधि, पदाधिकारी र कर्मचारी चाहिने संघीय प्रणालीमा हुन जाने अधिकतम आर्थिक भार अनि अर्कातिर राज्यसंरचनालाई पञ्चायती शैलीभन्दा फरक बनाउनै हुँदैन भनिठान्ने प्रतिक्रियावादी मानसिकताका कारण संघीय प्रणालीमाथि प्रश्न, बहस र विमर्श तीव्र हुनु स्वाभाविकै हो। वर्तमान संविधानको अर्को उपलब्धिका रूपमा रहेको समानुपातिक/समावेशी प्रतिनिधित्वलाई पनि पहुँचवालाहरूले चरम दुरूपयोग गरेर विकृत र बदनाम तुल्याउँदै गएका छन्। यस्तै विकृत हर्कतका कारण समेत प्रतिगामी तत्त्वहरू गणतन्त्रकै विरोध गरेर सल्बलाउने अवसर पाएका छन्।

सारतः कुनै पनि वस्तु, घटना र परिवेशलाई त्यो जे हो, त्यही रूपमा हेर्नु पर्दछ। यसरी हेर्दा वर्तमान संविधान सम्पूर्ण उपलब्धि होइन र यसले जनाकांक्षालाई पूर्ण सम्बोधन गर्न सकेको छैन, सक्दैन। प्रतिक्रियावादी कोणबाट भनिए झैं यो संविधानले राष्ट्रियताको संरक्षण र जनजीविकालाई विगतको भन्दा खराब हालतमा खसाल्यो भन्ने कुरा त किमार्थ हुँदै होइन। वर्तमान राज्य प्रणाली र संविधानले उपलब्ध गराएका राजनीतिक, सामाजिक, सांस्कृतिक उपलब्धिहरूको संरक्षण गर्दै यसबाट पूरा हुन नसकेका जनाकांक्षा र राष्ट्रिय आवश्यकता पूरा गर्न सक्ने अझ अग्रगामी अर्थात् पूर्ण जनवादी र समाजवादी राज्य व्यवस्थातर्फ अघि बढ्नु नै आजको जिउँदो यथार्थता हो; राष्ट्र र जनताको आवश्यकता हो।

# अवस्था परिवर्तनका लागि नयाँ संघर्ष जरूरीः मुख्यमन्त्री शर्मा

**काठमाडौं।** विभिन्न प्रदेशका मुख्यमन्त्रीहरूले व्यवस्था परिवर्तनसँगै जनताको अवस्था परिवर्तनको निम्ति नयाँ खालको संघर्ष जरुरी रहेको बताएका छन्। संविधान दिवसका अवसरमा शुभकामना सन्देश दिँदै उनीहरूले संघीयतालाई प्रभावकारी बनाउनका लागि संविधानको कार्यान्वयनमा जोड दिएका हुन्। सन्देशमा संविधानको पूर्ण कार्यान्वयनले मात्रै संघीयता बलियो हुने समेत बताए।

यसै अवसरमा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री राजकुमार शर्माले परिवर्तित व्यवस्थासँगै जनताको अवस्था परिवर्तनका लागि नयाँ खालको संघर्ष जरुरी भएको बताए। 'एकात्मक राज्यव्यवस्था अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक अर्थात जनमैत्री शासन व्यवस्था ल्याइएकाले सिंहदरबारभित्र केन्द्रित अधिकार गाउँ गाउँमा पुगेको छ' उनको भनाइ थियो-'यो नै विभिन्न चरणमा भएका भएका आन्दोलनका उपलब्धि हो।'

यस्तै कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले नेपालको संविधानमा स्थापित नागरिक अधिकार कार्यान्वयन गर्न स्थापना भएको संघीयतालाई बलियो बनाउनु पर्नेमा जोड दिए। मुख्यमन्त्री कार्कीको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाप्रति वितृष्णा फैलिन नदिन राजनीतिक दलहरू सचेत हुनुपर्ने भनाइ थियो।

सोही क्रममा लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले संविधानको मर्मअनुसार लोकतन्त्र र संघीयता बलियो बनाउन तीनै तहका सरकार अधिकारसम्पन्न हुनुपर्ने बताए। संघीयता कार्यान्वयन भइसक्दा समेत प्रदेश सरकारले अझै पूर्ण अधिकार पाउन नसकेको अवस्था रहेको उनको धारणा थियो। संविधान दिवसका अवसरमा शुभकामना सन्देशमा उनीहरूले संघीयताको पूर्ण कार्यान्वयनप्रति जोड दिएका हुन्।

# संविधान कार्यान्वयनका लागि तीनै तहका सरकार क्रियाशील हुनुपर्नेमा जोड

**काठमाडौं।** बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जकक्ट्टेलले संविधान कार्यान्वयनका लागि तीनै तहका सरकार क्रियाशील हुनुपर्नेमा जोड दिएका छन्। प्रादेशिक संरचना सुदृढ नभएसम्म संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्था बलियो हुन नसक्ने धारणा व्यक्त गर्दै मुख्यमन्त्री जम्कट्टेलले स्थानीय तहको संरचना पुरानो भए पनि नयाँ प्रादेशिक संरचना संघीयताको खम्बा भएको उल्लेख गरेका हुन्।

संविधान दिवस २०८० को अवसरमा हेटौंडा-६ स्थित चित्रेपानी सामुदायिक वन वृक्षरोपण गर्दै मुख्यमन्त्री जम्कट्टेलले प्रादेशिक संरचनालाई जति छिटो सुदृढ र संस्थागत गर्न सकिन्छ त्यति छिटो संविधानको मर्म बमोजिम समाजवादको लक्ष्यमा पुग्न सकिने धारणा व्यक्त गरे। उनले संविधानसभाबाट बनेको संविधान जनताकै रक्षाका लागि भएको भन्दै संविधानको मर्मअनुसार प्रदेश सरकार काम गरिरहेको समेत बताए।

संविधानले प्रदेशलाई दिएका एकल अधिकारका विषयमा धेरैजसो कानुन निर्माण भए पनि संघ र प्रदेश, प्रदेश र स्थानीय तह, संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारको सूचिमा रहेका कतिपय कानुन निर्माण हुन बाँकी रहेको उनको भनाइ थियो। संघीय कानुन बन्न ढिलाइ हुँदा ती विषयले मूर्तरूप लिन नसकिरहेको उनको धारणा थियो।

जिल्ला वन कार्यालय मकवानपुरद्वारा आयोजित वृक्षरोपण कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री जम्कट्टेलले संघीय लोकतान्त्रिक गणतन्त्र नेपाललाई संस्थागत गर्ने राजनीतिक दस्तावेजका रूपमा रहेको संविधान कार्यान्वयनका लागि तीन वटै तहका सरकार क्रियाशील हुनुपर्नेमा जोड दिए। नेपाललाई संघीय संरचनामा लैजाने संघीयताको मुटुका रूपमा रहेका प्रदेशहरू संविधानले दिएका अधिकार बमोजिम कानुन निर्माण गरी कार्यान्वयन समेत गरिरहेको उनको भनाइ थियो।

कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तान, जिल्ला वन कार्यालय मकवानपुरका प्रमख शिव सापकोटा, हेटौंडा-६ का वडा अध्यक्ष विष्णुबहादुर दाहाल, प्रदेशसभा सदस्य एकलाल श्रेष्ठलगायतले संविधान दिवसका बारेमा चर्चा गर्दै वृक्षरोपण गरेर गाँउ र सहर हराभरा बनाउने अभियानमा लाग्नुपर्नेमा जोड दिए। संविधान दिवसका अवसरमा हेटौंडामा पाँच किमी दौड प्रतियोगिताको समेत आयोजना गरिएको थियो। प्रदेश सरकारले असोज ३ मा संविधान दिवस भव्य रूपमा मनाउने तयारी स्वरूप तीन दिनसम्म विभिन्न कार्यक्रम आयोजना गरेको हो।


## स्तनपानः बालबालिकालाई वरदान

**आमाको दूध बालबालिकाका लागि अमृत समान हुन्छ**

त्यसैले,

- स्वास्थ्यकर्मीहरूले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दूधको विकल्पमा बट्टाको दूध, दूधदानी जस्ता वस्तुको प्रवर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन।

त्यस्तो कार्य गरेको पाइएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ अनुसार कारबाही हुने छ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# सुनका सिक्री लुटपाटमा संलग्न चार पक्राउ

**काठमाडौं।** काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले सुनको सिक्री लुटपाट गर्ने चार जनालाई प्रहरीले पक्राउ गरी सार्वजनिक गरेको छ।

महिलाको घाँटीबाट सुनको सिक्री लुटपान गर्ने बागबजारका सितापाइला बस्ने ४४ वर्षीय सुरज गुरुङ, पर्सा वीरगन्जका हाल क्षेत्रपाटी बस्ने ४८ वर्षीय अनवर हुसेन अन्सारी रहेको पनि प्रहरीले बताए। उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीका अनुसार लुटपाटमा संलग्न अन्य दुई जना भारतीय नागरिकहरू पश्चिम बंगालका ४७ वर्षीय शक्ति भौमिक र महाराष्ट्र राज्य सोलापुरका ३० वर्षीय सचिन गाड्वे रहेका छन्।

रेग्मीका अनुसार गत भदौ २५ गते उनीहरूले कुलेश्वर आवास क्षेत्र नजिकै सडक किनाराबाट पैदल हिँडिरहेकी काभ्रे पाँचखालकी अप्सरा श्रेष्ठको घाँटीमा लगाई राखेको अन्दाजी दुई तोलाको लकेटसहितको सिक्री लुटपाट गरेका थिए। अनुसन्धानका क्रममा काठमाडौं महानगरपालिका-२८ बागबजारका सुरज गुरुङ समेतका मानिसहरूको संलग्नता रहेको भन्ने खुलेपछि निजहरूलाई काठमाडौंका विभिन्न स्थानबाट पक्राउ गरिएको हो।

कार्यालयले पक्राउ परेकाहरूलाई लुटपाट गरी लगेको सुन तथा प्रमाण लाग्ने अन्य दसीका सामानहरूसहित थप अनुसन्धानका लागि प्रहरी वृत्त कालीमाटी पठाइएको उल्लेख गरेको छ।

# हर्षोल्लासका साथ तीज पर्वको समापन

**काठमाडौं।** हिन्दु धर्मालम्बीहरूले यस वर्ष आइतबार राति दर खाएर औपचारिक रूपमा सुरु भएको हरितालिका तीज पर्व हर्षोल्लासका साथ ऋषि पञ्चमीसम्म मनाएका छन्। भाद्र शुक्ल तृतीयाका दिन हरितालिका व्रत, चौथीका दिन गणेश भगवानको पूजा र पञ्चमीका दिन स्नान गरी अरुन्धतीसहित सप्तऋषिको पूजा गरी तीज समापन गर्ने प्रचलन अनुसार नै हरितालिका तीज अर्थात भाद्र शुक्ल तृतीयाका दिन नेपाली महिलाहरूले भगवान शिव र माता पार्वतीको पूजाआराधना गरी मनाएका हुन्।

शास्त्रीय परम्परअनुसार तीजका व्रतालुहरूले गोदान, पूर्णपात्र गरी उद्यापन गरे। धार्मिक विश्वासअनुसार तृतीयामा व्रत गरी शिव-पार्वतीको पूजा, उपासना गरे सुख, शान्ति र कल्याणको प्राप्ति हुने मान्यता रहेको छ। सत्ययुगमा हिमालयकी पुत्री पार्वतीले गौरीघाटमा बसी निराहार व्रत गरी महादेवलाई पतिका रूपमा महादेवलाई पतिका रूपमा प्राप्त गरेको धार्मिक ग्रन्थहरूमा उल्लेख छ।

पार्वतीले व्रत लिएको भाद्र शुक्ल तृतीयाको दिन उतिबेलैदेखि तीज पर्वको रूपमा प्रचलित भएको धर्मशास्त्रीय मत रहेको छ। तीजको पर्व हिन्दू धर्मालम्बीका लागि मात्र नभए मावन मात्रका लागि भएको धर्मशास्त्रीय ग्रन्थहरूमा उल्लेख गरिएको धर्मशास्त्रविद एवं नेपाल पञ्चांग निर्णायक समितिका सदस्य प्राडा देवमणि भट्टराईले बताए।

प्राडा भट्टराईका अनुसार शास्त्रीय रूपमा महिला, पुरुष दुवैले तीजको व्रत गर्नुपर्ने भए पनि सामाजिक चर्चा भने महिलाले श्रीमानको दीर्घायुको कामनाका गर्ने भए पनि तीजको व्रत बस्ने पुरुषले विधुर हुनु नपर्ने, नारीले अटल सौभाग्य र अविवाहित केटाकेटीले गुण सम्पन्न वर वा वधु पाउने शास्त्रीय वचन रहेको छ।

प्रकाशकः **कोसेली मिडिया सपोर्ट प्रा.लि.** सम्पादक : **सानु राय (गौतम) [९८४९६००२०९]** बजार व्यवस्थापक : **माधवप्रसाद न्यौपाने [९८४६५२८५०२]**
**कार्यालय** : जोरपाटी, काठमाडौं **फोन** : ९८४७३९५३८६ **इमेल** : janajibro.news@gmail.com **वेबसाइट** : www.janajibro.com **मुद्रण** : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं